कात्तिक - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क १४ | २०८१ कात्तिक १६-३० | पूर्णाङ्क ७७६



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री कालीबहादुर साम्पु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | | इजलास नं. ८ | ७ |
| संयुक्त इजलास | | इजलास नं. ९ | २१ |
| इजलास नं. १ | ५ | इजलास नं. ११ | २ |
| इजलास नं. ६ | १६ | इजलास नं. १५ | |
| इजलास नं. ७ | ६ | इजलास नं. | |
| **जम्मा** | **२७** | **जम्मा** | **३०** |

**कूल जम्मा २७ + ३० = ५७**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, कात्तिक – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## इजलास नं. १

### १

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-CR-०२९३, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामवीर तामाङसमेत*

प्रतिवादी दीपक भन्ने रामवीर तामाङलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्नेमा १३(४) नं. बमोजिम सजाय गरेको मिलेको छैन भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा निज प्रतिवादी दीपक भन्ने रामवीर तामाङले पुनरावेदन अदालत इलामको फैसलाउपर यस अदालतमा मुद्दा नं. २०७०-CR-०३८० बाट पुनरावेदन गरेकोमा यस अदालतबाट पुनरावेदन अदालत इलामको फैसला सदर हुने ठहरी मिति २०७२।१०।१४ मा फैसला भइसकेको प्रमाणको रूपमा रहेको मुद्दा नं. २०७०-CR-०१११, २०७०-CR-०३८० को मिसिलबाट देखिन्छ । साथै मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा २ मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था रहेको अवस्थामा सर्वस्वसहित जन्मकैद गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको औचित्यता नै देखिएन ।

प्रतिवादी दीपक भन्ने रामवीर तामाङलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद गरेको झापा जिल्ला अदालतको मिति २०६८।६।४ को फैसला नमिलेको ले केही उल्टी भई निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याई र प्रतिवादी चन्द्रबहादुर राईलाई अभियोग दाबीबाट सफाइ दिएको तत्कालीन पुनरावेदन अदालत इलामको मिति २०६९।११।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - कुबेर पाण्डे

इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम् ।

### २

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-CR-०९४७, कर्तव्य ज्यान, नेपाल सरकार वि. धनपति बास्कोटा*

प्रतिवादी जीवन थापाको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, निज मौकामा फरार रही अदालतमा उपस्थित भई बयान गर्दा आरोपित कसुरमा इन्कार रहे पनि निज मृतकसँग झगडा गरिरहेका भनी सहप्रतिवादी भेषबहादुर पाण्डेले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा बयान गर्दासमेत पोल गरेको अवस्था छ । जाहेरवालासमेतका घटनाका प्रत्यक्षदर्शीहरूको कागज एवम् बकपत्रबाट पनि मृतकलाई प्रतिवादी भेषबहादुर पाण्डे र जीवन थापाले काठको बटम र ढुङ्गासमेतले कुटपिट गरी घाइते बनाएको र सोही चोटका कारण मृतकको मृत्यु हुन गएको भनी उल्लेख गरेकोसमेतका मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएको देखिन्छ । सो प्रमाणलाई यी पुनरावेदक प्रतिवादीले अन्यथा प्रमाणित गर्न सकेको पाइँदैन । यस अवस्थामा प्रमाणको उचित मूल्याङ्कन नगरी आफूलाई कसुरदार ठहऱ्याएको भन्ने प्रतिवादी जीवन थापाको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

अर्का प्रतिवादी विनोद भन्ने धनपति बास्कोटाको हकमा वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, जाहेरवालासमेतका वादी पक्षका साक्षीले निज धनपति बास्कोटासमेतले मृतकलाई कुटपिट गरेको भनी लेखाइदिएको देखिए पनि सहप्रतिवादी राजेन्द्र भन्ने भेषबहादुर पाण्डेले मृतकलाई आफूहरूले कुटपिट गर्ने स्थानमा धनपति बास्कोटा नरहेका, आफूहरूले मृतकलाई कुटपिट गरी

भाग्दै गर्दा निजलाई बाटोमा भेटेको भनी अनुसन्धानका क्रममा बयान गरेको पाइन्छ। निज भेषबहादुर पाण्डेले अदालतमा बयान गर्दासमेत प्रतिवादी धनपतिलाई पोल गर्न सकेको पाइँदैन । प्रतिवादी धनपति बास्कोटाले अदालतमा उपस्थित भई बयान गर्दा अन्य प्रतिवादीहरूसँग खाजा खाने समय र मृतकले केटी नजिस्क्याउनु भनी भन्दाका अवस्थासम्ममा साथै रहेको त्यसपछि आफू घटनास्थलमा नरहेको भनी मृतकलाई आफूले कुटपिट गरेकोमा इन्कार रही बयान गरेको देखिन्छ। निज वारदातस्थलमा उपस्थित रहेको भन्ने स्वतन्त्र रूपमा पुष्टि हुने प्रमाण वादी पक्षबाट प्रस्तुत हुन सकेको नपाइँदा निज प्रतिवादी बिनोद भन्ने धनपति बास्कोटालाई कसुरदार ठहर्‍याई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको औचित्यता नै देखिएन।

प्रतिवादी राजेन्द्र भन्ने भेषबहादुर पाण्डेको हकमा साधक जाँच गर्दा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७३।५।२७ को फैसलालाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।१२।२७ को फैसला साधक सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी जीवन थापाका हकमा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं को कसुरमा ऐ. १३(३) नं. बमोजिम जन्मकैद गर्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७३।५।२७ को फैसलालाई सदर गरेको र प्रतिवादी विनोद भन्ने धनपति बास्कोटालाई अभियोग दाबीबाट सफाइ दिएको उच्च अदालत पाटनको मिति २०७४।१२।२७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : कुबेर पाण्डे

कम्प्युटर - कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम्।

## ३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-१२३६, c*

तत्काल उठेको रिस थाम्न नसकी उक्त वारदात हुन पुगेकाले आफूलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर छ, त्यसतर्फ विचार गर्दा मृतक आफ्नै घरमा सुतेको अवस्थामा निजको घरमा गई काठको दाउराले टाउकोमा प्रहार गरेपश्चात् चिच्याउन कराउन थालेपछि रुमालले मुख छोपी नजिक रहेको हँसियाले घाँटी रेटी मारेको भन्ने निज प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दासमेत स्वीकार गरेको पाइन्छ। साथै घटना विवरणमा कागज गर्ने सेते रोकामगर र जाहेरवालीले अदालतमा बकपत्र गर्दा प्रतिवादी भागिमन रोकाले कि त तिम्रो श्रीमान्लाई मार्छु कि त तिम्रो आमालाई मार्छु भनी भन्ने गरेको भनी बकपत्रसमेत गरिदिएबाट र मृतकले आफूलाइ गालीगलौज गर्ने गरेको भन्ने प्रतिवादीकै बयानसमेतका आधारमा पुनरावेदक प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकी उक्त वारदात हुन पुगेको भन्ने जिकिर पुष्टि हुने कुनै विश्वसनीय प्रमाणसमेत देखाउन नसकेको र जोखिम हतियार प्रयोग भएकोमा ज्यानसम्बन्धीको १४ नं. आकृष्ट नहुने हुँदा आफूलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

पुनरावेदक प्रतिवादी भागिमन रोकाले मृतक दिलपुरा रोकामगरलाई दाउरा र हँसियाजस्तो जोखिमी हतियार प्रयोग गरी घाँटी रेटी कर्तव्य गरी मारेको भन्ने पुष्टि हुन आएको देखिँदा निजलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने भनी सुरू रोल्पा जिल्ला अदालतबाट भएको मिति २०७४।२।२ को फैसला सदर गरेको पुनरावेदन अदालत तुलसीपुरको

मिति २०७४।१२।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - कुबेर पाण्डे

इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७१-CR-०६७३, कर्तव्य ज्यान, नेपाल सरकार वि. दिपक गौतम*

भवितव्यलाई आकस्मिक घटना वा दुर्घटनाको रूपमा लिइन्छ। यसलाई दुर्घटनाको रूपमा लिइने हुँदा भवितव्य हुनलाई घटना घटाउनेसम्मको कुनै कारण तथा रिसइवी नभएको देखिनुपर्ने, आफूले गरेको कामबाट कुनै दुष्परिणाम आउन सक्ने अवस्था तथा सम्भावना नरहेको देखिनुपर्दछ । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५नं. मा "ज्यान लिई इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्नेजस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने व्यवस्था रहेको छ। प्रतिवादी दिपक गौतम र धनबहादुर गिरी होटलमा सँगै साथ बसी मादक पदार्थ सेवन गरिरहेको बखत विवाद भएको, निजलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी झगडा भएको नदेखिएको, रक्सीको नसाको सुरमा हेलचेक्र्याइका साथ हातले २ थप्पडसम्म हानेको भनी प्रतिवादीले मौकाको बयानमा लेखाएको र सोही कारणबाट मृत्यु भएको देखिन्छ । यसरी मारौं भन्ने मनसायसहित प्रतिवादीले मृतकलाई कुटपिट गरेको पुष्टि हुने प्रमाण मिसिल संलग्न रहेको नदेखिएको अवस्थामा प्रतिवादीले मृतकलाई मारौँ भन्ने मनसायले नै कुटपिट गरेको र मृतकको मृत्यु भएको ठहऱ्याउनु न्यायसङ्गत नहुने हुँदा निजका सम्बन्धमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. आकर्षित हुने नै देखिन्छ।

प्रतिवादी दिपक गौतमलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीत कसुर अपराधमा ऐ. महलको १३(३)नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी भएको सुरू दोलखा जिल्ला अदालतको फैसला केही उल्टी भई प्रतिवादीलाई ज्यानसम्बन्धी महलको ५ नं. को कसुरमा ऐ.ऐ. ६(२) नं. बमोजिम २(दुई) वर्ष कैद र ५०० रूपियाँ जरिवाना हुने गरी उच्च अदालत पाटनबाट मिति २०७०।११।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - राजकुमार दाहाल

कम्प्युटर - रमला पराजुली

इति संवत् २०७७ साल असार २ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-CR-०९६१, जबरजस्ती करणी, नेपाल सरकार वि. रोशन शर्मा (खत्वे)*

पुनरावेदकले Hymen is intact को अवस्थामा पनि जबरजस्ती करणी हुन सक्छ, पीडितको कन्याजाली नच्यातिएको अवस्थालाई मात्रै जबरजस्ती करणीको पूर्वसर्त मान्न मिल्दैन भनी जिकिर लिएकोमा जबरजस्ती करणी भएको दाबी गर्ने १६ वर्षीया पीडित किशोरीको घटनालगत्तै लिइएको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको शरीरमा सङ्घर्षका चिह्नहरू नदेखिएको र केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा पठाइएको पीडितको Vaginal swab समेतको परीक्षणपश्चात् प्राप्त प्रतिवेदनमा Semen could not be detected भन्ने उल्लेख भई आएको पाइयो। यसबाट पीडितमाथि जबरजस्ती करणी गरिएको थियो भन्ने कुरा चिकित्सकीय परीक्षणबाट पुष्टि हुन आएन। जबरजस्ती करणी मुद्दाको पहिलो कडी पीडित स्वयम्ले पटकैपिच्छे बेहोरा फेरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) एवं दफा १८ बमोजिम वस्तुनिष्ठ प्रमाणका रूपमा ग्रहण गर्न सकिएन। साथै वारदात लगत्तैको स्वास्थ्य परीक्षणबाट पीडितको यौनाङ्गमा वीर्यलगायतका जबरजस्ती करणीलाई पुष्टि गर्ने वस्तुहरू नपाइएको, पीडितको

शरीरमा सङ्घर्षका चिह्नहरू वा घाउचोट नपाइएको, जाहेरी बेहोरा खण्डित हुने गरी पीडित स्वयंले बकपत्र गरेको तथा प्रतिवादीहरूले जबरजस्ती करणी गरे भनी स्थानीयले समातेर राखेका भन्ने आधारमा प्रहरीले अन्य प्रतिवादीहरूलाई पक्राउ गरी अभियोग दायर गरेको भन्ने देखिइरहेको अवस्थामा अन्य स्वतन्त्र प्रमाणले वारदातलाई पुष्टि नगरेको तथा चिकित्सकीय प्रमाणबाट पनि वारदात पुष्टि नभइरहेको अवस्थामा पुनरावेदकले जिकिर लिएजस्तो Hymen is intact को अवस्थामा पनि जबरजस्ती करणी हुन सक्छ, पीडितको कन्याजाली नच्यातिएको अवस्थालाई मात्रै जबरजस्ती करणीको पूर्वसर्त मान्न मिल्दैन भनी लिएको पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन सकेन।

जबरजस्ती करणीको कसुरमा प्रतिवादी विरुद्ध अभियोग दाबी गर्ने वादी नेपाल सरकारले आफ्नो दाबीलाई वस्तुनिष्ठ रूपमा पुष्टि गर्न नसकेको अवस्थामा यी प्रतिवादीउपरको अभियोग दाबी खण्डित भइरहे पनि प्रतिवादी रोशन शर्मा खत्वेलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको ३(४) नं. बमोजिम ६(छ) वर्ष कैद गर्ने र निजबाट जाहेरवालीले रु.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराइपाउने ठहर गरी सुरू सुनसरी जिल्ला अदालतले मिति २०७४।७।१९ मा गरेको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी गरी प्रतिवादी रोशन शर्मा खत्वेले अभियोग दाबीबाट सफाइ पाउने ठह-याई उच्च अदालत विराटनगरबाट मिति २०७५।१०।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुभाशचन्द्र दाहाल

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल आषाढ ५ गते रोज ६ शुभम्।

## इजलास नं. ६

### ६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा**, *०७०-WO- ०७९५, उत्प्रेषण / परमादेशसमेत, पन्नामान तुलाधर वि. मालपोत कार्यालय, चावहिल, काठमाडौंसमेत*

सम्पत्तिसम्बन्धी हक संविधानद्वारा प्रत्याभूत गरिएको नागरिकको मौलिक हक भए पनि यो निरपेक्ष हक भने होइन। यो प्रचलित कानूनबमोजिम नियमन, संरक्षण र व्यवस्थापन हुने हक हो। प्रत्येक नागरिकलाई कानूनको अधीनमा रहेर सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुन्छ। जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २(ङ) अनुसार बाटो सरकारी जग्गा भएको र यस प्रकारको जग्गाको हक, स्वामित्व, नियन्त्रण नेपाल सरकारको अधीनमा रहने कानूनी व्यवस्था रहेकोले दुवै पक्षको सहमतिबाट बाटो कायम गरेको र त्यसरी कायम भएको बाटो सार्वजनिक प्रकृतिको भई नेपाल सरकारको नाउँमा दर्ता कायम हुने कानूनी व्यवस्था रहेको भए पनि सोबाटो निवेदकसहितले बिनारोकतोक प्रचलन गर्न पाउने हुन्छ । प्रत्यर्थी मालपोत कार्यालयको लिखित जवाफ हेर्दा निवेदकहरूले साझा बाटो कायम गर्न माग गरेको र नापी कार्यालयले कित्ता काट गर्दा नेपाल सरकारको नाममा कायम गरेको कित्ता काट मुचुल्काको ट्रेससमेतमा सहमत भई रोहबरमा बसेको भन्ने तथ्यलाई निवेदकहरूले बहसको क्रममा खण्डन गर्न सकेको देखिँदैन । यसरी पक्षहरूको सहमतिले कायम गरेको साझा बाटोलाई नेपाल सरकारको नाउँमा दर्ता भएकै कारणबाट क्षतिपूर्ति दिनुपर्ने र माग गर्ने विषय कानूनसम्मत नहुँदा निवेदकको संविधान प्रदत्त

सम्पत्तिसम्बन्धी हकमा कुनै आघात पुगेको देखिने ।

तत्कालीन नेपाल सरकार मन्त्रिस्तरीय निर्णयबाट निजी जग्गालाई सरकारी जग्गामा रुपान्तरण गरी भएको निर्णय कानूनविपरीत छ भनी निवेदकले लिएको दाबी सम्बन्धमा हेर्दा, सम्पत्तिसम्बन्धी हक कानूनबाट संरक्षित हुने मौलिक हक भएकोले मन्त्रिस्तरीय निर्णयबाट मात्र यो हकलाई सीमित गर्न मिल्दैन । त्यसका केही विधि र प्रक्रिया हुन्छन् तर तत्कालीन श्री ५ को सरकार, भूमि सुधार तथा व्यवस्थापन मन्त्रालयको मिति २०६२।१०।१३ मा मन्त्रिस्तरबाट प्लटिङ्ग वा कित्ताकाट गरी जग्गाको कित्ताकाट गर्दा सो जग्गामा आवतजावतको लागि बाटो राख्ने सहमति भएकोमा त्यस्तो बाटोलाई सार्वजनिक कायम गरी कित्ताकाट गर्ने गराउने व्यवस्था मिलाउने भनी निर्णय भएको देखिन्छ । मन्त्रिस्तरबाट कुनै व्यक्ति विशेषका नाउँमा दर्ता भएको जग्गालाई सार्वजनिक कायम गर्ने गराउने गरी निर्णय भएको देखिँदैन । जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २(ङ) अनुसार "बाटो" सरकारी जग्गा अन्तर्गत पर्ने भएकोले मन्त्रिस्तरबाट बाटोको रूपमा सार्वजनिक प्रयोग रहेको जग्गालाई नेपाल सरकारको नाउँमा कित्ताकाट गर्ने गराउने भनी भएको निर्णयलाई कानूनविपरीतको भन्न नमिल्ने ।

मिलापत्रमा पक्षहरूबिच संयुक्त वा कसैको नाममा निजहरूले मात्र संयुक्त भोग गर्ने गरी एकै कम्पाउन्डभित्र नीजि रूपमा राख्ने प्रकृतिबाट मिलापत्रको सर्त निर्धारण भएको नभई साझा बाटो कायम गर्नेसम्म उल्लेख भएको, साझा बाटो सार्वजनिक प्रकृतिको हुने र जग्गा नाप जाँच ऐन, २०१९ ले बाटोलाई सरकारी जग्गाको रूपमा परिभाषित गरेको देखिएको, मालपोत कार्यालयले मिलापत्रमा साझा बाटो कायम गरेको जग्गालाई कि.नं. ४०२, ४०५, ९७ र ९८ मा कित्ताकाट गरी नेपाल सरकारको नाउँमा दर्ता गर्ने गरी निर्णय गरे पनि निवेदकसहितले विनारोकटोक आवतजावतको बाटो निकासको रूपमा प्रयोग गर्न पाउने नै देखिँदा निवेदकको कुनै संवैधानिक र कानूनी हक हनन भएको अवस्था नरहेकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - आनन्दराज पन्त

कम्प्युटर - पद्मा आचार्य

इति संवत् २०७९ साल चैत ३० गते रोज ५ शुभम् ।

७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७२-CR-०४५२, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. बचन राईसमेत*

अभियोग दाबी लिइएको मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. मा "ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरु जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र गर्न लगाउने तथा सो ठाउँ गई वचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्छ" भन्ने प्रावधान रहेको पाइन्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा, सङ्कलन गरिएको कुनै पनि कागज प्रमाणले वस्तुनिष्ठ रूपमा यस वारदातमा इवी वा मार्नेसम्मको मनसाय रहेको, योजनाबद्ध रूपमा धारिलो हतियार ल्याई पीडितमाथि प्रहार गरिएको र तेस्रो पक्षको हस्तक्षेपकै कारण मृत्यु हुन नपाएको भन्ने जस्ता अवस्थाहरू देखिँदैन । पीडितले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरू भागी गएको भनेको छ । पीडितउपर लागेको चोट हेर्दा काटिएको घाउ देखिए पनि पीडितको अवस्था स्थिर (सामान्य) भन्ने उल्लेख भएको पाइन्छ । चोटको गम्भीरताको हिसाबबाट समेत ज्यान मार्ने उद्योगको कसुरको विद्यमानतालाई स्वीकार गर्न सकिने परिस्थिति नहुँदा, सुरू जिल्ला अदालतको फैसलालाई उल्टी गरी ज्यान मार्ने उद्योगबाट प्रतिवादीहरूलाई सफाइ दिई वारदातको प्रकृतिको आधारमा कुटपिटतर्फ परिणत

गरिएको पुनरावेदन अदालत इलामको फैसला मिलेकै देखियो।

ज्यान मार्ने उद्योगको कसुर स्थापित गर्ने वस्तुनिष्ठ प्रमाणको अभावमा दुनियाँवादी मुद्दा कुटपिटतर्फ परिणत गर्ने पुनरावेदन अदालत, इलामको मिति २०७१।१०।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दीपशिखा मुनाकमी
कम्प्युटर - पद्मा आचार्य
इति संवत् २०७९ साल कात्तिक ३ गते रोज ५ शुभम्।

८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल**, *०७२-CR-०६१६, ज्यान मार्ने उद्योग, कार्चेन लामा वि. नेपाल सरकार*

मुख्य कुरा ज्यान मार्ने उद्योगको घटना को कसबाट हुन गयो भन्ने कुरा प्रस्तुत मुद्दामा महत्त्वपूर्ण प्रश्न बन्न गएको देखिन्छ । सोतर्फ हेर्दा पीडितउपर पेटमा छुरीको प्रहार हुन गएकोमा एकभन्दा बढी चोट छाडिएको देखिँदैन । सो चोट नाक्पु लामाबाट छाडिएको हो भन्नेमा पनि विवाद रहेन। अब जहाँसम्म यी प्रतिवादी कार्चेन लामाको उक्त वारदातमा संलग्नता छ वा छैन भन्ने प्रश्न छ, यी पुनरावेदक प्रतिवादी कार्चेन लामाले आफू वारदात भएको दिन र समयमा वारदातस्थलमा नरहेको भनी इन्कारी बयान दिएको देखिन्छ । घटनाबारे आफू अनभिज्ञ रहेको भन्ने निजको भनाइ छ। घटनाको प्रत्यक्षदर्शीमध्येका एक राजबहादुर लामाले आफ्नो घरको छतमा ढुङ्गा हानेकोमा झगडा भएकोले त्यो पूर्वरिस साँध्न आफूलाई पोलेको हुन् भनी अधिकार प्राप्त अधिकारीसमक्ष निज प्रतिवादीले बयान गरेको देखिन्छ । त्यसै गरी, यी प्रतिवादीले आफू उक्त दिनमा पर्व खेल्न गएको, मेलामा हो-हल्ला भएकोसम्म सुनेको हुँ। घर फर्कँदा आफ्नो ज्वाइँ प्रतिवादी नाक्पु लामा आफ्नो घरमा भएकै कारण आफ्नो घरमा ढुङ्गामुढा भएको भनी थाहा पाएको हुँ, वारदातबारे आफूलाई केही थाहा नभएको भनी सुरू हुम्ला जिल्ला अदालतमा बयान गरेको देखिन्छ। त्यसै गरी, घटनास्थलको प्रत्यक्षदर्शी भनिएका राजबहादुर लामाले गरेको बकपत्रको सवाल जवाफ नं. ६ मा "प्रतिवादी कार्चेन लामाले पीडितलाई समात्ने र अर्का प्रतिवादी नाक्पु लामाले चक्कुले पेटमा हानी सख्त घाइते बनाएका हुन्। दोस्रो पटक प्रहार गर्न खोज्दा मैले रोकेको हुँ, त्यसो गर्दा मेरो माझी औँलामा चोट लागेको छ" भनी लेखाएका छन् भने सवाल जवाफ नं. ८ मा जिरहको क्रममा यिनै प्रत्यक्षदर्शीले "मैले घाइतेलाई प्रतिवादी नाक्पुले चक्कु हान्दा देखेको हुँ। पछि निज प्रतिवादी भागी अर्का प्रतिवादी कार्चेन लामाको घरमा लुकेको हो" भनी लेखाइदिएको देखियो । यसबाट खास वारदात नै कहाँ भएको हो भन्नेमा सवाल जवाफ नं. ६ र जिरहमा विरोधाभासपूर्ण अभिव्यक्ति रहेको देखिन्छ। मिसिल संलग्न कागजातहरू हेर्दा, पीडितको बकपत्र भएको देखिँदैन । जाहेरवाला प्रत्यक्षदर्शी रहे भएको पनि देखिँदैन। साथै, प्रतिवादी कार्चेन लामाको साक्षी निजुम लामाको बकपत्र हेर्दा, प्रतिवादी कार्चेन लामाको बकपत्र पुष्टि हुने गरी यी प्रतिवादी कार्चेन लामा वारदातस्थलमा उपस्थित नभएको र घटना भएको समयमा निज प्रतिवादी उनकै घरमा भएको भनी उल्लेख गरेबाट पनि कार्चेन लामाको उक्त वारदातमा संलग्नता रहेको भन्ने शंकारहित तवरबाट पुष्टि हुन सकेन। अभियोगदाबी शंकारहित तवरबाट पुष्टि हुन नसकेको स्थितिमा सो को फाइदा प्रतिवादीले पाउने हुँदा निज प्रतिवादी कार्चेन लामालाई दोषी करार गरेको पुनरावेदन अदालतको फैसला निजको हकमा मिल्न आएको देखिएन।

यी पुनरावेदक प्रतिवादी कार्चेन लामाको वारदातस्थलमा उपस्थिति थियो भन्ने वस्तुनिष्ठ प्रमाणको अभाव, प्रत्यक्षदर्शी भनिएका व्यक्ति राजबहादुर लामाको यी प्रतिवादीसँगको पूर्वझगडा र सो कारण उनले दिएका विरोधाभाषपूर्ण बकपत्रमा

विश्वास गर्न सकिने अवस्था नभएको, वारदातस्थलमा उपस्थित नै नभएको व्यक्तिलाई पुनरावेदन अदालत जुम्लाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरमा ऐ. ऐनको महल नं. १५ बमोजिम ५ (पाँच) वर्ष कैद सजाय गरेको मिति २०७१।७।४ को फैसला मिलेको नदेखिँदा निजको हकमा उक्त फैसला केही उल्टी भई निज प्रतिवादी कार्चेन लामाले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत : दीपशिखा मुनाकमी

कम्प्युटर - पद्मा आचार्य

इति संवत् २०७९ साल कार्तिक ३ गते रोज ५ शुभम् ।

९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७४-WO-०६५१ (०७४-FN-०५५९), उत्प्रेषणसमेत, राजु ढकाल वि. नेपाल सरकार, परराष्ट्र मन्त्रालय काठमाडौं, नेपालसमेत*

विपक्षी परराष्ट्र मन्त्रालय र निवेदक सि-लिङ्क ट्राभल्सबिच खरिद सम्झौता भई कार्यादेशसमेत भइसकेपछि सार्वजनिक खरिद पुनरावलोकन समितिले ठेक्का बदर गरेको अवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५१(२) ले खरिद सम्मझौता भइसकेको अवस्थामा खरिद कारबाही रोक्का गर्नुपर्ने छैन भनी व्यवस्था गरेको देखिन्छ । खरिद सम्झौता बमोजिम निवेदकले कार्य सम्पन्न गरिसकेको भनी निवेदक तथा मुद्दामा पछि सामेल हुन आएको सुरूचि ट्राभल्स एण्ड टुर्सको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा उल्लेख गर्नुभएको अवस्था छ । अर्कोतर्फ प्रस्तुत रिट निवेदनको विवादित ठेक्का आ.व. २०७४/०७५ को लागि मात्र भएको देखिएको र उक्त अवधि प्रस्तुत रिट निवेदनको फैसला हुँदाको अवस्थामा व्यतीत भइसकेको देखियो । प्रस्तुत रिट निवेदनको विवादको प्रकृतिबाटै प्रयोजन समाप्त भएको देखिँदा विपक्षी पराराष्ट्र मन्त्रालयले स्वीकृत गरेको ठेक्का बेरितको हो वा होइन सार्वजनिक खरिद पुनरावलोकन समितिलाई खरिद सम्झौता भइसकेको अवस्थामा ठेक्का बदर गर्ने अख्तियारी छ वा छैन भन्नेतर्फ विचार गरिरहनु नपर्ने भई विवादको प्रकृतिबाटै औचित्य समाप्त भएको आधार र कारणबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - निर्मलाकुमारी खड्का

कम्प्युटर - पध्मा आचार्य

इति संवत् २०७९ साल भदौ १३ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७७-WO-११६१, परमादेशसमेत, अम्बादत्त भट्ट वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन मिति २०७३।०२।१९ गते सम्पन्न भई उक्त निर्वाचनबाट निर्वाचित पदाधिकारीहरूको पदावधी मिति २०७७।०२।१८ सम्म ४ वर्ष कायम रहेकोमा तोकिएको कार्यकाल समाप्त भई विधानले विशेष अवस्थामा १ वर्ष थप गर्न सकिने प्रावधान अनुसार श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको च. नं. ०७७/०७८-२१४६ मिति २०७७।११।२६ को निर्णयानुसार अन्तिम पटक मिति २०७८।०२।१८ गतेसम्मका लागि म्याद थप गरी सो म्यादसमेत हाल समाप्त भइसकेको अवस्था देखिन्छ । मिति २०७७।०६।२४ गते आधिकारिक ट्रेड युनियनको निर्वाचनका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प. सं. ०७७/०७८ च. नं.३४ मिति २०७७।०४।०८ गते नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले ट्रेड युनियनको निर्वाचनका लागि प्रमुख निर्वाचन अधिकृतसमेत तोकिएकोमा विशेष परिस्थिति परी लामो समयसम्म लकडाउनका कारण तोकिएको समयमा निर्वाचनसमेत हुन नसकेको देखिन्छ । यस अदालतको बृहत् पूर्ण इजलासले कोभिड महामारीको

अवधिलाई शून्य अवधि मान्ने भनी निर्णयसमेत भएको देखिन्छ । निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचनबाट पदाधिकारी चयन भई कार्यभार सम्हाल्दै आइरहेको अवस्थामा विशेष परिस्थिति परी तोकिएको समयमा निर्वाचन सम्पन्न हुन नसके तापनि निजामती सेवा ऐन, २०४९ को दफा ५३ (३) (ख) मा निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन गठन नभएको अवस्थामा उपदफा (१) बमोजिम गठन भएका निजामती कर्मचारी ट्रेड युनियन सङ्घहरूले आपसमा सहमति गरी सामूहिक सौदाबाजी गर्न पाउने छन् भन्ने व्यवस्था भइरहेको देखिए पनि आधिकारिक ट्रेड युनियनको निर्वाचन गर्नुपर्ने अपरिहार्यता भएको र हाल कोभिडको महामारी न्यूनीकरण भई सहज अवस्था भएकाले ऐनद्वारा तोकिएको कार्यविधि पूरा गरी निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन तत्काल गर्नु भनी विपक्षी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र विपक्षी श्रम रोजगार तथा व्यवसायजन्य सुरक्षा विभागसमेतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर अपरेटर : रेखा भट्टराई

इति संवत् २०७९ साल मङ्सिर ६ गते रोज ३ शुभम् ।

**११**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, ०७७-RC-००४५, ०७८-RC-००५३, कर्तव्य ज्यान, नेपाल सरकार वि. छिरिङ तामाङ

प्रस्तुत मुद्दाको अनुसन्धान तहकिकात दालचिनी थापाको मिति २०७२/०२/२३ गतेको जाहेरी दरखास्तबाट भएको देखिन्छ । उक्त जाहेरीको बेहोरा हेर्दा मेरो जेठाजु नाताको मानिस वर्ष ३४ को सोमबहादुर थापा मगर आफनो घर नागदह गा.वि.स. वडा नं. ५ बाट मिति २०७२/२/२० गते बिहान ०६.०० बजेको समयमा रामेछाप जिल्ला, नागदह -६ पिपलदीप तल्लो टोलको विवाह घरतर्फ जानुभएको र सो विवाह घरमै सुत्नुभएको अवस्थामा प्रतिवादी छिरिङ तामाङ र दिपक तामाङले विवाह घरबाट रातको अं. करिब १०.०० बजे करिब १०० मिटर पर मकै बारीमा लगेर निर्मम तवरले ढुङ्गामुढा तथा कुटपिट गरी जेठाजुको मृत्यु भएकोले प्रतिवादीहरूलाई कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने उल्लेख भएको देखिने ।

मिसिल संलग्न घटनास्थल लास जाँच प्रकृति मुचुल्का हेर्दा नागदह ६, पिपलदीपस्थित बारीमा दुवै हत्केलामा रगत लागेको देब्रे कानको छेउमा प्वाल परेर रगत आइरहेको, आँखामा निलडाम, टाउकोमा रगत र लगाएको लुगा रगतले भिजेको मृतक सोमबहादुर थापा मगरको लास देखिएको, सोही स्थानमा पीडित सोमबहादुर थापा मगरलाई कुटपिट भएको भन्ने देखिन्छ । मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा सोमबहादुर थापाको मृत्यु Due to head injury भनी उल्लेख भएको देखिन्छ । घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदन, मिसिल संलग्न मृतकका फोटोहरूबाट जाहेरवालाको जेठाजु सोमबहादुर थापाको मृत्यु कर्तव्यबाट भएको भन्ने तथ्यमा विवाद नदेखिने ।

प्रतिवादीहरूको कर्तव्यबाट जाहेरवालाको जेठाजु सोमबहादुर थापा मगरको मृत्यु भएको हो होइन, उक्त वारदातमा यी प्रतिवादीहरूको संलग्नता छ/छैन भन्ने सम्बन्धमा हेर्नुपर्ने देखियो । सो सम्बन्धमा हेर्दा यी प्रतिवादीहरू छिरिङ तामाङसमेतले जाहेरवालाको जेठाजु सोमबहादुर थापालाई कुटपिट गरी निजको मृत्यु भएकोले निजहरूलाई कारबाही गरिपाउँ भनी दालचिनी थापाको किटानी जाहेरी परेको देखिन्छ । जाहेरवालाको जेठाजुलाई प्रतिवादी छिरिङ तामाङले रातको अं. १०.०० बजेको समयमा मृतक सुतिरहेको विवाह घरबाट उठाई केही पर लगी लात्ती मुड्कीले टाउकाको भागलगायत शरीरको अन्यत्र भागमा

कुटपिट गरेको चोटबाट निज सोमबहादुर थापाको कर्तव्यबाट मृत्यु भएको भनी मौका अनुसन्धानमा बयान गर्ने प्रतिवादी छिरिङ तामाङले अदालतमा उपस्थित भई बयान गर्दा वारदात मिति समयमा जाहेरवालाको जेठाजु सोमबहादुर थापा मगरलाई कर्तव्य गरी मारेको भन्ने तथ्यलाई स्वीकार गरी बयान गरेको देखिने।

मौकामा किटानी जाहेरी दिने जाहेरवालाले अदालतमा उपस्थित भई बकपत्र गर्दा आफ्नो मौकाको जाहेरी बेहोरा समर्थित हुने गरी बकपत्र गरेको देखिन्छ । प्रस्तुत मुद्दामा मृतक सोमबहादुर थापा मगरको मृत्यु Due to head injury बाट भएको र प्रतिवादी छिरिङ तामाङसमेतले मृतक सोमबहादुर थापा मगरलाई कुटपिटबाट कर्तव्य गरी मारेको बेहोरा मौका अनुसन्धान तथा अदालतमा बयान गर्दा उल्लेख गरेको हुँदा प्रतिवादी छिरिङ तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर्‍याएको पाइन्छ । तर निजले अपराध गर्दा लात्ती, मुक्का र ढुङ्गाले हिर्काएको, अपराध गर्दा पासविकता नदेखिएको, मार्ने पूर्वयोजना पनि नभएको, प्रतिवादीसँग रिसइवी झै-झगडा र चिनजान पनि नभएको, प्रतिवादी क्षयरोगको बिरामी रहेको, यसअघि कुनै अपराधमा सजाय नपाएको, १८ वर्षको कलिलो उमेर भएको, तिब्र रिसमा अपराध गरेको, पश्चातापको अनुभूति गरेको तथा न्यायिक प्रक्रियामा सहयोग पुर्‍याएकोसमेतका अपराधका परिस्थितिलाई विचार गर्दा अ.वं. १८८ नं. प्रयोग गरी १० वर्ष कैद सजाय गर्ने गरी व्यक्त रायसहितको सुरू रामेछाप जिल्ला अदालतको फैसला सदर गर्ने पुनरावेदन अदालत जनकपुरको तथा उच्च अदालत पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन।

यी प्रतिवादी छिरिङ तामाङलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई ऐ. अ.वं. १८८ नं. प्रयोग गरी १० वर्ष कैद सजाय गर्ने गरेको रामेछाप जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७३/०३/०८ र उच्च अदालत, पाटनबाट मिति २०७४/०३/११ मा फैसला भएको देखिन्छ। तत्काल प्रचलित कानूनी व्यवस्था अनुसार यी प्रतिवादीलाई भएको सजाय मिलेको देखिए पनि हाल मुलुकी ऐन, खारेज भई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लागु भएको परिप्रेक्ष्यमा उक्त संहिताको दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था रहेको एवम् फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुर सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाको बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने व्यवस्था रहेको पाइन्छ। यसै गरी केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा "कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिने।

प्रतिवादी छिरिङ तामाङलाई सर्वस्वको सजाय नहुने हुँदा निजलाई जन्मकैदको मात्र सजाय हुने ठहर्छ । निज प्रतिवादीलाई जन्मकैदको सजाय हुने ठहर भए पनि फैसलामा लेखिएको मुद्दाको परिस्थितिलगायतका कारणहरूबाट मुलुकी ऐन, अ.वं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजायको राय व्यक्त गरेको सुरू रामेछाप जिल्ला अदालतको राय सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७३।०३।०८ तथा उच्च अदालत पाटनको मिति

२०७४।०३।११ को फैसला कानूनसम्मत मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृत - पुष्कलराज प्रसाई
कम्प्युटर : रेखा भट्टराई
इति संवत् २०७८ साल फागुन २२ गते रोज १ शुभम्।

**१२**

**मा.न्या.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-CI-०५४०, निषेधाज्ञा, सानुकाजी महत वि. रजनी मिश्रसुमेत*

मिसिल संलग्न कागज प्रमाणहरूबाट पुनरावेदक निवेदक सानुकाजी महत नौलिङ्गेश्वर बचत तथा ऋण सहकारी संस्था लि. को बचत सदस्य रहेको देखिन्छ। विपक्षी रजनी मिश्रले उक्त सहकारी संस्थाबाट लिएको कर्जाको लागि निज निवेदकले व्यक्तिगत धन जमानीको लिखत गरिदिएको देखिएबाट निजहरूबिच एकआपसमा आर्थिक कारोबारमा संलग्न रहेको कुरामा विवाद देखिँदैन। कारोबारकै सिलसिलामा निवेदक सानुकाजी महतले नेपाल इन्भेष्टमेन्ट बैंक लि. मा रहेको आफ्नो खाताबाट रु.३५,००,०००।– (पैँतिस लाख रूपियाँ) विपक्षी रजनी मिश्रले भुक्तानी प्राप्त गर्ने गरी मिति २०७६।४।३० गते चेक नं. "३००२८३७२३७०५०१" को चेक दिएको देखिन्छ। उक्त चेक विपक्षी रजनी मिश्रले एभरेष्ट बैंक लि. को आफ्नो खातामा जम्मा गर्ने क्रममा निवेदकको खातामा रकम नभएको कारण बाउन्स भएको देखिन्छ। बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटिदिन" नहुने भनी उल्लेख भएबाट पुनरावेदक निवेदकले विपक्षी रजनी मिश्रको नाममा जारी गरेको चेक बाउन्स भएकोले बैंकिङ कसुरको विवाद सिर्जना हुने नै भयो। यस्तो अवस्थामा निवेदकका विरूद्ध उजुरी परे तापनि अदालतबाट पक्राउ पुर्जी जारी भएको अवस्थामा मात्र निजलाई प्रहरीले पक्राउ गरी थप अनुसन्धान गर्ने अवस्था रहनेमा विवाद देखिएन। निवेदकले सोही सम्भावित पक्राउलाई रोक्न निवेदन दिएकोमा निजको विरुद्ध अदालतबाट पक्राउ पुर्जी जारी नभई पक्राउ गर्ने सम्भावना नभएको भनी उच्च अदालतबाट निवेदन खारेज भएको अवस्था छ। फौजदारी कसुरमा उजुरी परेपछि प्रहरीले अनुसन्धान गर्न सक्ने नै देखिन्छ। कुनै पनि मुद्दाको अनुसन्धान गर्न वा नगर्न अदालतले निषेधाज्ञाको आदेश जारी गरी रोक्नु मनासिब हुँदैन। यस दृष्टिकोणबाट उच्च अदालत, पाटनबाट मिति २०७६/०७/२७ मा निवेदन खारेज हुने भनी भएको आदेशलाई अन्यथा मान्नुपर्ने अवस्था देखिएन। फेरि जुन बैंकिङ कसुर मुद्दाको अनुसन्धानको लागि पक्राउ नगर्नु नगराउनु भनी निवेदन माग भएको हो, उक्त मुद्दाको अनुसन्धान भई सकिसकेको भन्ने विद्वान् अधिवक्ताको बहस कथनबाट प्रस्तुत निषेधाज्ञाको मुद्दाको प्रयोजन र औचित्य नै समाप्त भइसकेको अवस्थामा त्यसतर्फ पुनरावेदनको रोहबाट थप विवेचना गरिरहनुपर्ने देखिँदैन। यस दृष्टिकोणबाट निवेदकको पुनरावेदन जिकिर र निजको तर्फबाट उपस्थित भई बहस गर्नु हुने विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गरिरहनुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदकको निवेदन मागदाबी खारेज हुने भनी मिति २०७६।७।२७ मा उच्च अदालत, पाटनबाट भएको आदेश कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : पुष्कल राज प्रसाई
कम्प्युटर : रेखा भट्टराई
इति संवत् २०७९ साल भाद्र २९ गते रोज ४ शुभम्।

**१३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७२-WO-११६१, उत्प्रेषण, दिनकर महतोसमेत वि. तत्कालीन जिल्ला सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति रौतहट हाल जिल्ला प्रशासन कार्यालयसमेत*

निवेदकको दाबी रहेको कि.नं. ४९१ को जग्गा सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति रौतहटले अनत महतोलाई अव्यवस्थित बसोबासको प्रयोजनको लागि भनेर जग्गाधनी दर्ता प्रमाण पुर्जा दिएको भन्ने जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिएको, मिसिल संलग्न फोटोबाट घरसमेत बनेको र घरअगाडि बाटो रहेको देखिँदा निवेदकले भनेजस्तो वर्षाको पानीको निकासा हुने स्थानको रूपमा उपर्युक्त जग्गा रहेको नदेखिएको, सरकारी जग्गा अव्यवस्थित बसोबासीको रूपमा दर्ता गराएको भए मालपोत ऐन, २०३४ को दफा २४ ले जहिलेसुकै उक्त निर्णयलाई बदर गर्न सकिने हुँदा उक्त जग्गा दर्ता भएको १७ वर्षपछि रिट क्षेत्रबाट जग्गा दर्ताको निर्णयलाई उत्प्रेषणको आदेशले बदर गर्न मनासिब देखिएन। निवेदकमध्येका एक दिनकर महतो कोइरीले उपर्युक्त जग्गामा निर्माण कार्य नगर्न नगराउन निषेधाज्ञाको रिट दर्ता गरेकोमा रौतहट जिल्ला अदालतले उक्त निषेधाज्ञाको निवेदनसमेत खारेज गरेको अवस्थामा विलम्बको विद्यमानतासमेतलाई मध्यनजर गर्दै मागबमोजिमको आदेश जारी गर्न हाल उचित र मुनासिब देखिँदैन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत :- दीपशिखा मुनाकमी

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०७९ साल साउन २३ गते रोज २ शुभम्।

**१४**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७३-WO-०९५५, उत्प्रेषण, पुरनलाल माझी थारू वि. इलाका प्रहरी कार्यालय, नेमुवा हात्तिमुडा, मोरङसमेत*

जाहेरवाला चमरु सरदारले मिति २०७३।४।१७ मा यी निवेदक पुरनलाल माझी र प्रतिवादी बखारुलाल माझी भन्ने व्यक्ति एउटै व्यक्ति हुन्, कर्तव्य ज्यानको घटनापश्चात् फ्याक्ट्रीमा काम गर्ने क्रममा यिनको बायाँ हातको कान्छी, माइली र बिचको औँला काटिएको छ भनी सनाखत गरिदिएको देखिन्छ । उच्च अदालत, विराटनगरको मिति २०७३।५।२७ को आदेशानुसार राष्ट्रिय विधि विज्ञान प्रयोगशालाले मिति २०७३।८।१० मा तयार पारेको परीक्षण प्रतिवेदन अनुसार प्रतिवादी बखारुलाल माझीको मिति २०६०।९।१४ को घर खानतलासी मुचुल्का र जिल्ला प्रहरी कार्यालय मोरङ, विराटनगरको मिति २०६०।९।१४ को खानतलासी पुर्जीमा भएका बखारुलाल माझीको श्रीमती कोहलनदेवी माझी थारूको ल्याप्चे एकापसमा मिलेको भन्नेसमेत देखिई बखारुलाल माझीको श्रीमती र पुरनलाल माझीको श्रीमती एउटै व्यक्ति भएको देखिने।

फैसला कार्यान्वयन गरिएको कर्तव्य ज्यान मुद्दाका जाहेरवाला चमरु सरदारले क्षेत्रीय प्रहरी कार्यालय, रानी विराटनगरमा मिति २०७३।४।१७ मा गरेको पुरनलाल माझीको सनाखत, सो सनाखत कागजमा यी निवेदकले बखारुलाल माझी भन्ने पुरनलाल माझी भनी सहीछाप गरेको अवस्था, कर्तव्य ज्यान मुद्दाका प्रतिवादी बखारुलाल माझीको अंश रोक्का गर्ने सम्बन्धमा मिति २०६२।७।५ मा भएको मुचुल्कामा बखारुलाल माझीको बाबु फनिलाल भनी उल्लेख भएको र सो कुरा चन्द्र शिव जुट मिल, विराटनगरको मिति २०७३।५।८।४ को पत्रमा मोरङ्ग तेतरिया गा.वि.स. वडा नं. ४ बस्ने फनिलाल माझीको छोरा पुरनलाल माझी थारू भन्ने उल्लेख भई दुवै नाम गरेका व्यक्तिको बाबुको नाम एउटै रहेको देखिएको स्थिति, उच्च अदालत विराटनगरको मिति २०७३।५।२७।५ को आदेशबमोजिम प्रतिवादी बखारुलाल माझीको मिति २०६०।९।१४ को घर खानतलासी र जिल्ला प्रहरी कार्यालय मोरङ, विराटनगरको मिति २०६०।९।१४ को खानतलासी पुर्जीमा भएका बखारुलाल माझीको श्रीमती कोहलनदेवी माझी थारूको ल्याप्चे एउटै व्यक्ति को हो भनी प्रमाणित भई यी दुई वटा नाम गरेको व्यक्तिको श्रीमती

कोहलनदेवी माझी थारू भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनबाट प्रमाणित भएकोसमेतका आधार कारणहरूबाट निवेदक पुरनलाल माझी र कर्तव्य ज्यान मुद्दाका प्रतिवादी बखारुलाल माझी भन्ने व्यक्ति एकै हुन् भन्ने तथ्य स्थापित हुने।

तसर्थ, लिखित जवाफको बेहोरा, प्रमाणमा आएका मोरङ जिल्ला अदालत तथा पुनरावेदन अदालत विराटनगरको कर्तव्य ज्यान मुद्दाको मिसिल, सम्बद्ध प्रमाण कागजातहरू निज निवेदकको हकमा उच्च अदालत विराटनगरबाट ०७३-WH-०००१ नं. को बन्दीप्रत्यक्षीकरणको निवेदन खारेज हुने गरी भएको आदेशलगायतका मिसिल सम्बद्ध प्रमाणसमेतका आधार, कारणहरूबाट अदालतको फैसला कार्यान्वयनको सिलसिलामा निवेदक थुनामा रहेको देखिँदा निवेदन माग दाबीबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत :- दीपशिखा मुनाकमी

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०७९ साल साउन २३ गते रोज २ शुभम्।

**१५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, ०७७-CI-०३७०, निषेधाज्ञा, रेनुका थापासमेत वि. जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं.२ मंगलबारेमा रहेको बेतिनी सामुदायिक वन उपभोक्ता समूहसमेत

निवेदनमा उल्लिखित जग्गाको धनी पुर्जा निवेदकहरूको नाममा नै रहेको मिसिल संलग्न कागजातबाट देखिन्छ भने विपक्षीहरूको लिखित जवाफबाट उक्त जग्गामा साबिकदेखि हालसम्म जङ्गल नै रहेको र आवादीको जग्गा नरहेको भनी उल्लेख गरेको देखिन्छ। यसरी जग्गाको स्रेस्ता राख्ने सरकारी निकाय मालपोत कार्यालयबाट दिइएको प्रमाणबाट निवेदकहरूको निजी हक स्वामित्वको जग्गा देखिएकोमा वन क्षेत्रको अद्यावधिक लगत राख्ने निकाय वन कार्यालयको प्रमाणबाट वन क्षेत्रको देखिन्छ। यसरी उक्त जग्गाको निर्विवाद हक बेहकको प्रश्न कायम रहेको तथ्यमा विवाद देखिँदैन । यस दृष्टिकोणबाट उल्लिखित जग्गा यकिन गर्न स्रेस्तासमेत जाँचबुझ गर्नुपर्ने देखिएको तथा दर्ता निर्णय र स्रेस्ताहरू जाँचबुझ गरी मात्र विवादित जग्गा यसैको हो भनी यकिन गर्न सकिन्छ। कुनै जग्गा कसको हो भनी हक बेहकको निर्णय गर्दा प्रमाण बुझेर मात्र गर्न सकिने हुँदा निषेधाज्ञाको निवेदनको रोहबाट जग्गाको यकिन स्वामित्वको निर्णय गर्न सकिँदैन। कुनै कार्य तत्कालै रोक्नु वा नरोक्नु भनी जारी हुन सक्ने निषेधाज्ञाको प्रकृति हो। निषेधाज्ञाको रोहबाट स्थायी किसिमको समाधान निस्कन सक्ने होइन । नागरिकको हक अधिकारको प्रयोग गर्न वा नगर्न तत्कालै कुनै कार्यलाई निषेध गर्न यसको प्रयोग हुने हो। यस दृष्टिकोणबाट उच्च अदालत, विराटनगरले निषेधाज्ञाको निवेदन खारेज हुने ठहर्‍याएको फैसला कानूनसम्मत मिलेकै देखिने।

तसर्थ, विपक्षीहरूबाट परेको लिखित जवाफ एवम् निषेधाज्ञाको निवेदनको मूलभूत सिद्धान्तको आधार र कारणहरूबाट निवेदकको निर्विवाद हक स्थापित भएको मानी मागबमोजिमको आदेश जारी गर्न सकिँदैन भनी प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याएको उच्च अदालत, विराटनगरबाट मिति २०७६/११/०५ मा भएको आदेश कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने। इजलास अधिकृत : पुष्कलराज प्रसाई

कम्प्युटर अपरेटर - पद्मा आचार्य

इति संवत् २०७९ साल भदौ २९ गते रोज ४ शुभम्।

**१६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**,*०७५- CI-०११२, निषेधाज्ञा, रामदेवी डंगोल, वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१७ ढल्को बस्ने रविराज श्रेष्ठसमेत*

निवेदकको कि.नं.११९४ को क्षेत्रफल ०-३-०-० जग्गामा बनेको घरसमेतमा जाने ८ फुटे बाटो कायम रहेको विषयमा निवेदक तथा विपक्षीहरूको मुख मिलेको तथ्यमा विवाद देखिँदैन । निवेदकले आफ्नो घरको पिलरको सुरक्षार्थ डिल बनाएकोमा उक्त डिल पेटी भत्काइपाउँ भनी विपक्षीमध्येका रविराज श्रेष्ठसमेतले मिति २०७४।४।५ मा काठमाडौ महानगरपालिका वडा नं.१७ को कार्यालय, धोविचौरमा निवेदन दिएको देखिन्छ । उक्त निवेदनउपर स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ बमोजिम कारबाही प्रक्रिया अघि बढाइएको देखिन्छ । उक्त आदेशको अनुसूची ४ को देहाय (ग) को खण्ड १२, २१ र २२ मा स्थानीय वडालाई एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन तथा व्यवस्थापन गर्ने, वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने र वडाभित्रका सडक क्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने अधिकार स्थानीय वडालाई रहेको उल्लेख गरिएको र वडा कार्यालयले सोही कानूनी व्यवस्थाको प्रयोग गरी पुनरावेदकको आफ्नो जग्गाभित्रको भनी उल्लेख गरेको डिल भत्काएको अवस्था छ । स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ को दफा ९(त) मा "आफ्नो स्थानीय तहले सम्पादन गर्ने कार्यहरूको बारेमा आउने गुनासोको सुनुवाइ गर्ने प्रचलित कानूनले तोकेबमोजिम पुनरावेदन सुन्ने र कारबाही गर्ने" अधिकार न.पा.को प्रमुखलाई दिएको भनी उल्लेख भएको देखिन्छ । उक्त कानूनी प्रावधानबमोजिम यी निवेदकले नगर प्रमुखसमक्ष पुनरावेदन गर्न पाउने वैकल्पिक उपचारको प्रयोग गरी कानूनी उपचार माग गरेको अवस्था देखिँदैन । उच्च अदालत, पाटनबाट मिति २०७४।८।२८ गते भएको नक्सा मुचुल्काबाट पुनरावेदकको न.नं.१० कि.नं.११९४ को क्षेत्रफल ०-३-०-० जग्गाको क्षेत्रफल कम भएको नदेखिएको हुँदा निवेदिकाको जग्गा मिची बाटो बढाएको अवस्था नदेखिएकोसमेतको आधार र कारणबाट उच्च अदालतबाट निवेदन खारेज हुने ठहऱ्याएको फैसलालाई अन्यथा मान्नुपर्ने देखिएन । प्रचलित कानूनी व्यवस्थाले स्थानीय तहले गरेको कार्यमा चित्त नबुझे उपचार प्राप्त गर्न जान सक्ने पदाधिकारीसमक्ष नगई निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी गलत बाटो अवलम्बन गरी निषेधाज्ञाको निवेदन लिई आएको बेहोरा कानूनसम्मत देखिँदैन भनी उच्च अदालत, पाटनले गरेको फैसला कानूनबमोजिम मिलेकै देखिने ।

तसर्थ, पुनरावेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नु नपर्ने हुँदा खारेज हुने ठहऱ्याएको मिति २०७५।२।९ मा उच्च अदालत, पाटनबाट भएको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : पुष्कलराज प्रसाई

कम्प्युटर अपरेटर : रेखा भट्टराई

इति संवत् २०७९ साल भाद्र २९ गते रोज ४ शुभम् ।

**१७**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७६-CI-०२५०, निषेधाज्ञा, ईन्द्रबहादुर राई, वि.* जिल्ला सप्तरी सप्तकोशी नगरपालिकाको कार्यालय फत्तेपुरसमेत

विपक्षीको तर्फबाट उच्च अदालत जनकपुर राजविराज इजलाससमक्ष लिखित जवाफका साथ पेस भएको क्षेत्रीय उतार किताब हेर्दा कि.नं. ६४ को जग्गाधनी महलमा फत्तेपुर बजार (हाट) भनी उल्लेख भएको देखिन्छ । सोही फिल्डबुक किताबको कैफियत महलमा मालपोत कार्यालय सप्तरीको मिति २०४९/०९/०६, च.नं. ३१९३ को पत्रानुसार श्री ५ को सरकारको नाममा कायम गर्ने भनी उल्लेख भएको देखिन्छ। मालपोत कार्यालयको मिति २०५१/०५/२६ को आदेशानुसार सो कित्ताका जग्गाहरूमध्ये जग्गा कित्ताकाट भइ कि.नं.१२४७ सिँचाइ कार्यालयको नाममा रहेको र कि.नं. १२४८ बजार क्षेत्र नै कायम रहेको

देखिन्छ । निवेदकले आफ्नो हकभोगको कि.नं.१२५ को जग्गा २०२८ सालको नापीमा गाँउ ब्लकको कि.नं.६४ मा रहको जिकिर लिएकोमा निजले उक्त दाबी प्रमाणित गर्ने वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेको तथा उक्त ब्लक नं.६४ मा कति जग्गा रहेको छ भनी उल्लेख गर्न सकेकोसमेत पाइँदैन । यसरी दाबी लिएको जग्गा कि.नं.६४ मा रहेको भन्ने तथ्य नापीको क्षेत्रीय किताबबाट खण्डित भइरहेको देखिन्छ । पुनरावेदक निवेदकले उक्त जग्गा आफ्नो बाबुको जीवनकालको रही जग्गा नामसारी गर्ने सम्बन्धमा सिफारिस लिन जाँदा निजको निवेदन दर्ता नै नगरिएको भनी जिकिर लिएकोमा निजले दाबी गरेको उक्त दाबीको जग्गा नेपाल सरकारको नाममा कायम रहेको देखिन्छ । यस्तो अवस्थामा दाबी लिएको जग्गाको कि.नं.६४ मा रहेको भन्ने तथ्य नै नापीको क्षेत्रीय किताबबाट खण्डित भइरहेको र दाबीको जग्गा नेपाल सरकारको नाममा कायम हुन आएको अवस्था देखिएबाट निवेदकको निर्विवाद हक रहेको भन्न मिल्ने अवस्था नदेखिएकोले निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिलेन भन्नेसमेत बेहोराको उच्च अदालत जनकपुर, राजविराज इजलासबाट भएको फैसलालाई अन्यथा मान्नुपर्ने अवस्था देखिएन । पुनरावेदकले लिएको समग्र पुनरावेदन जिकिर मिसिल सम्बद्ध वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि हुन नसकेकोले उक्त जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७४/१२/२१ मा निवेदकको दाबीको जग्गा निर्विवाद नदेखिँदा मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिलेन भनी निवेदन खारेज हुने ठहऱ्याएको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : पुष्कलराज प्रसाई
कम्प्युटर - पद्मा आचार्य
इति संवत् २०७९ साल भदौ २९ गते रोज ४ शुभम् ।

## १८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री. सुष्मालता माथेमा**, *०७२-CR-०८८१, लागु औषध, नेपाल सरकार वि. चितवन जिल्ला, दारेचोक गा.वि.स. वडा नं.३ बस्ने टोपबहादुर गुरूङको छोरा दिनेश गुरूङसमेत*

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ को कानूनी व्यवस्थाले लागु औषध मुद्दामा प्रमाणको भार प्रतिवादीउपर रहने भनी उल्लेख भएको देखिए पनि वादी पक्षले अभियोग लगाए मात्र पुग्ने, कुनै वस्तुनिष्ट र निश्चयात्मक प्रमाण प्रस्तुत गर्नु नपर्ने र प्रमाणको भार हरअवस्थामा प्रतिवादीउपर मात्र रहने भन्ने उक्त कानूनी व्यवस्थाको मनसाय कदापि होइन । फौजदारी मुद्दामा वादीले आफूले प्रमाण पेस गर्नुपर्ने दायित्वबाट जनुसुकै अवस्थामा पनि पूर्णरूपमा उन्मुक्ति पाउने भनी भन्न मिल्दैन । प्रतिवादीलाई लगाएको अभियोग यो यस आधार र कारणबाट पुष्टि हुन्छ भनी प्रमाण पेस गर्नुपर्ने दायित्वबाट वादी पक्ष पन्छिन मिल्दैन । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले आफूहरूले सेवन गर्नको लागि लागु औषध खरिद गरी ल्याएको भन्ने तथ्यमा साबित भई बयान गरेको अवस्था छ । बरामद भएको लागु औषध सेवन प्रयोजनबाहेक ओसारपसार र खरिद बिक्रीको लागि ल्याएको हो भने कोही कसैले प्रतिवादीहरूबाट लागु औषध खरिद गरेको वा निजहरूले कोही कसैलाई बिक्री गरेको भन्ने कुरा निश्चयात्मक प्रमाणबाट वादी पक्षले प्रमाणित गर्न सक्नुपर्दछ । लागु औषधसम्बन्धी विभिन्न कसुरमध्ये प्रतिवादीले कुन कसुर गरेको हो, सेवनको कसुर हो वा कारोबारको कसुर हो भन्ने कुरालाई स्पष्ट गर्नुपर्ने, तत्सम्बन्धी आवश्यक कुरा खुलाउनुपर्ने र सोको प्रमाण पुऱ्याउनुपर्ने दायित्वबाट लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले वादी पक्षलाई उन्मुक्ति दिएको भनी भन्न नमिल्ने हुँदा प्रतिवादीहरूलाई लागु औषध सेवनको कसुरमा सजाय गर्ने गरेको फैसला नमिलेको

भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नरहने।

यसर्थ, बरामद भएको लागु औषधको परिमाण, प्रतिवादीहरूको अनुसन्धान र अदालतसमक्षको साबिती बयान, लागु औषध परीक्षण प्रतिवेदन, प्रतिवेदक अरुणकुमार चौधरीको अदालतसमक्षको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन २०३३ को दफा १४(१)(ज) बमोजिम सेवनको कसुरमा जनही २ महिना कैद र रु.२,०००। जरिवाना गर्ने गरेको सुरू फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।१७ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : लालबहादुर कार्की

कम्प्युटर - रेखा भट्टराई

इति संवत् २०७८ साल मङ्सिर २८ रोज ३ शुभम्।

**१९**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा** ०७५-CR-*२०८७, लागु औषध खैरो हेरोइन, दिपेन्द्र ठकुल्ला वि. प्रहरी प्रतिवेदनको जाहेरीले नेपाल सरकार*

पुनरावेदक प्रतिवादीको साथबाट लागु औषध खैरो हेरोइन ३० ग्राम बरामद भएको तथ्य स्थापित छ । सँगसाथ रहेका दुई जना प्रतिवादीहरूमध्ये १ जनाबाट डिजिटल तराजु र अर्को प्रतिवादीबाट लागु औषध बरामद भएको छ। बरामद गरिएको लागु औषध बेचबिखन गर्ने उद्देश्यले नेपालगन्जदेखि ल्याएको भन्ने देखिएको छ। यसरी सिलसिलेवार रूपमा पुनरावेदक प्रतिवादीले ऐनको दफा ३ ले निषेध गरेको कार्य गरेको प्रमाणित भएको देखिने।

पुनरावेदक प्रतिवादीले आफूबाट बरामद भएको लागु औषध ऐनसम्मत तरिकाले राखेको हो भनी जिकिर लिएको र कुनै पनि प्रमाण पेस गरेको देखिँदैन। प्रतिवादीका एक जना साक्षी, जो निज प्रतिवादी डेरा गरी बस्ने घरधनी देखिन्छन् प्रस्तुत वारदातको प्रत्यक्षदर्शी पनि होइनन् अदालतमा बकपत्र गरेको देखिन्छ। निजले पुनरावेदक प्रतिवादीको आचरणगत कुरा औँल्याई विश्वास र अनुमानको आधारमा बेहोरा बकाई लेखाइदिएको देखिन्छ । निजको बकपत्रले पनि पुनरावेदक प्रतिवादीले बरामदित लागु औषध ऐनसम्मत तरिकाले राखेको हो भन्ने पुष्टि नगर्ने।

पुनरावेदक प्रतिवादी स्वयम्बाट लागु औषध बरामद भएको अवस्था हुँदा उक्त मुद्दाको तथ्य र प्रसङ्गसँग प्रस्तुत मुद्दाको तथ्य र प्रसङ्ग मेल खाने अवस्था देखिँदैन। तसर्थ पुनरावेदकले उल्लेखन गरेको कानूनी सिद्धान्तसमेतले निजलाई मद्दत गर्न सक्ने।

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार पुनरावेदक प्रतिवादी दिपेन्द्र ठकुल्लाउपरको अभियोग दाबी प्रमाणित भएको र लागु औषध (नियन्त्रण) ऐन,२०३३ को दफा ३ ले निषेध गरेको बरामदी लागु औषध खैरो हिरोइन सोही ऐनको दफा १२ बमोजिम ऐनसम्मत ढङ्गले आफूले राखे वा लिएको भन्ने कुराको पुष्टि पुनरावेदकले गरेको नदेखिएकोले निजलाई कसुरदार ठहऱ्याई सजाय गर्ने र बरामदी मोटरसाइकल जफत हुने गरी उच्च अदालत पाटनबाट मिति २०७५।६।२२ मा भएको फैसला मनासिब देखिँदा उक्त फैसला सदर हुने।

इजलास अधिकृत - आनन्दराज पन्त

कम्प्युटर - पद्मा आचार्य

इति संवत् २०८० साल भदौ १२ गते रोज ३ शुभम्।

**२०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-WO-०५६८, उत्प्रेषण, शारदा गिरी वि. श्री दाङ देउखुरी जिल्ला अदालतसमेत*

प्रत्यर्थी रक्षा गिरी वादी भई दाङ देउखुरी जिल्ला अदालतमा अंशसहितको सम्बन्ध विच्छेद, अंश भर्पाई बदर, लिखत बदर, जालसाजसमेत मुद्दा यी निवेदिकासमेतउपर दायर भई विचाराधीन

अवस्थामा रहेको देखिन्छ । यी निवेदक र जिल्ला अदालतमा विचाराधीन अंश मुद्दाकी वादी रक्षा गिरी अंशियार नाताभित्रका नै देखिन गई अंश मुद्दाको कारबाहीको सिलसिलामा सुरू जिल्ला अदालतबाट मिति २०७५।५।५ मा यी निवेदिकासमेतबाट पछि मुद्दा फैसला हुँदा ठहरेबमोजिम हुने गरी तायदाती फाँटवारी माग गर्ने आदेश उच्च अदालत तुलसीपुरबाट समेत सदर भएको अवस्था मिसिल संलग्न कागजातबाट देखिन्छ । मुद्दाको कारबाहीको सिलसिलामा यी निवेदिकासमेतबाट माग भएको फाँटवारीको आदेश नै अन्तिम निर्णय ठहर फैसला भएको अवस्था भने होइन। पछि मुद्दा फैसला हुँदा कोबाट अंश पाउने, कति सम्पत्ति अंश पाउने, कुन कुन सम्पत्ति बन्डा लाग्ने, कुन कुन नलाग्ने भन्ने कुरा विचाराधीन मुद्दाबाटै साधिकार प्राप्त अदालतबाट सामान्य क्षेत्राधिकारअन्तर्गत अन्तिम फैसला हुने नै हुँदा अहिले मुद्दा विचाराधीन रहेकै अवस्थामा अंश मुद्दामा तह तहबाट भएको आदेशलाई यस अदालतको असाधारण क्षेत्राधिकार प्रयोग गरी मातहत अदालतको क्षेत्राधिकारमा हस्तक्षेप गर्नुपर्नेसम्मको कुनै आधार तथा कारण उपस्थित भएको नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : सदन अधिकारी

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल ज्येष्ठ ११ गते रोज ४ शुभम्।

## २१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी**, *०७३-WO-१२६५, उत्प्रेषणसमेत, अनिस बास्तोलासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले बुढीगण्डकी जलासययुक्त आयोजना चाइना गेजुवा ग्रुप कम्पनीलाई सार्वजनिक खरिद ऐन, २०६३ को प्रक्रिया पूरा नगरी सोझै ठेक्का दिन लागेकोले सो कार्य बदर गरिपाउँ भनी प्रस्तुत रिट निवेदन परेको देखियो । विपक्षीतर्फबाट उपस्थित विद्वान् सह-न्यायाधिवक्ताले उक्त सम्झौता खारेज गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४।०७।२७ मा निर्णय भएको भन्दै निर्णयको प्रतिलिपि पेस गर्नुभयो । साथै नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४।०७।२७ मा नेपाल सरकार र चाइना गेजुवा ग्रुपबिच भएको सम्झौता खारेज भएको भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०७६।४।२१, च.नं. ७१२/६९९ २०७६।०७७ को पत्रद्वारा यस अदालतलाई जानकारी दिइएकोसमेत पाइयो । नेपाल सरकारबाट भएको उक्त निर्णयबाट प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिँदा अन्य कुराहरूतर्फ विचार गर्नु परेन । प्रस्तुत रिट निवेदनसमेत खारेज हुने।

इजलास अधिकृत - शारदादेवी पौडेल

कम्प्युटर - पद्मा आचार्य

इति संवत् २०८० साल असार ५ गते रोज ३ शुभम्।

- यसै लगाउका ०७३-WO-१२८३, उत्प्रेषणसमेत, अनिस बास्तोलासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ७

## २२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०८०-WH-००२६, बन्दीप्रत्यक्षीकरणसमेत, रिणाकुमारी नायक वि. धनुषा जिल्ला अदालत, जनकपुरधाम, धनुषासमेत*

दिलिपकुमार कुशवाहाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी प्रदीप गामी भएको २०८० सालको मुद्दा नं. ०८०-CI-००७६ को ठगीसम्बन्धी कसुर मुद्दा दायर भइसकेको समेत जानकारी गराइएको

सम्बन्धमा बुझ्दा धनुषा जिल्ला अदालतबाट मिति २०८०।५।१० मा निज प्रतिवादीबाट रु.७,००,०००।– (सात लाख रूपियाँ) नगद, धरौट वा सो बराबरको जमानत वा बैंक जमानत दिएमा लिई मुद्दा पुर्पक्ष निमित्त तारिखमा राख्नु, दिन नसके थुनामा राख्न पठाइदिनु भनी भएको आदेशको प्रतिलिपि बहसको क्रममा प्राप्त हुन आएको र बहसकै क्रममा निज प्रतिवादी सोही दिन थुनाबाट मुक्त भइसकेको भनी कानून व्यवसायीबाट जानकारीसमेत गराउनु भएबाट र माथि विवेचित आधार, कारणबाट समेत निवेदन दाबीबमोजिमको संवैधानिक, कानूनी तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तप्रतिकूलको कार्य भए गरेको नदेखिएको तथा आजका मितिमा निज थुनामा नरहेको हुँदा विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणलगायतका आदेश जारी गर्न मिल्ने देखिन आएन, प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कुलप्रसाद दाहाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल भाद्र ११ गते रोज २ शुभम्।

**२३**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा. मनोजकुमार शर्मा**, *०७५-CR-०११०, ०७५-CR-०२५५, ०७५-CR-१४४९, अपहरण तथा शरीर बन्धक लिई हत्या, कन्हैया भन्ने राजकुमार मुराउ वि. नेपाल सरकार, सोख्या भन्ने विश्राम लोध वि. नेपाल सरकार, नेपाल सरकार वि. कन्हैया भन्ने राजकुमार मुराउसमेत*

सुरू रुपन्देही जिल्ला अदालतबाट अभियोग दाबीबमोजिम मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको १ र २ नं. को कसुरमा ऐ. ३ नं. अनुसार जनही १५ वर्ष र ऐ.९ नं. अनुसार जनही थप २ वर्ष गरी जम्मा जनही १७ वर्ष कैद र जनही २ लाख रूपियाँ जरिवाना एवं ऐ. ज्यानसम्बन्धीको १३ (३) नं. अनुसार जनही जन्मकैदको सजायसमेत हुने ठहर गरी मिति २०७२।१०।१३ मा भएको सुरू फैसला केही उल्टी गरी मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम दुवैजना प्रतिवादीहरूलाई जनही ७ वर्ष तथा ऐ. ७ नं. बमोजिम जनही थप २ वर्ष गरी जनही ९ वर्ष कैद र जनही ५०,०००।– रूपियाँ जरिवाना हुने र कर्तव्य ज्यानतर्फको अभियोग दाबी पुग्न नसक्ने हुँदा दुवैजना प्रतिवादीहरूले सोतर्फ सफाइ पाउने ठहर गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।१०।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : फणेश्वरी घिमिरे

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल भाद्र १८ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- *०७७-CI-०६३५, अपुताली हक कायम गरिपाऊँ, राजकुमार मुराउ वि. लालेप्रसाद तेलीसमेत*
- *०७७-CI-०६३६, दूषित शेषपछिको बकसपत्र लिखत बदर, राजकुमार मुराउ वि. लालेप्रसाद तेलीसमेत*

२४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७६-WO-०८२१, उत्प्रेषण / परमादेश, प्रकाशमणि शर्मासमेत वि. सम्माननीय राष्ट्रपति, राष्ट्रपतिको कार्यालय, शीतलनिवास, काठमाडौंसमेत*

संवैधानिक आयोगहरूलाई समावेशीकरण गर्ने प्रयत्न गरिएको छ। महिला प्रतिनिधित्व सुनिश्चित गर्दै यथासक्य सबै क्षेत्रलाई समेटेर समावेशी बनाउने प्रयास गरिएको छ। प्रस्तुत मुद्दाका विपक्षीहरूसमेतले लिखित जवाफमा यस सम्बन्धमा आफ्नो प्रतिबद्धता जाहेर गरेको देखिन्छ। राष्ट्रिय समावेशी आयोगबाट प्राप्त लिखित जवाफमा एक जना अध्यक्ष र चार जना

सदस्य रहने संवैधानिक व्यवस्था रहेकोमा हाल एक जना मात्र सदस्य रहेको भनी उल्लेख भएको, राष्ट्रिय दलित आयोगमा सदस्य नियुक्ति नभएको भनी राज्यले लिएको नीति कार्यान्वयनमा आफूहरू तत्पर रहेको भनी लिखित जवाफ पेस भएको देखिन्छ । यसैगरी सातवटै प्रदेशको तर्फबाट पेस भएको लिखित जवाफमा समेत आफूहरू संविधान र कानूनको पालनामा कटिबद्ध रहेको भनी लिखित जवाफ पेस गरेको ।

निवेदकले समावेशी नभएको भनी विपक्षी बनाएका अधिकांश राज्यका संयन्त्रहरूमा राज्यले नियुक्त गर्ने पदको सङ्ख्या एउटा मात्र रहेकोले यस सन्दर्भमा समावेशितालाई केले मापन गर्ने भन्ने प्रश्न खडा हुन्छ । त्यसै गरी, यो विषय गणितीय रूपमा मापन गर्न नसकिने विषय रहेकोले संविधानमा पनि के कति मात्रामा समावेशी गर्ने भन्ने विषयमा मौन रहेको देखिन्छ र यो विषय राज्यको निर्देशक सिद्धान्त र नीतिकै रूपमा समावेशसमेत भएको देखिन्छ । तर राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्वहरूको विषयमा नेपालको संविधानको धारा ५५ मा अदालतमा प्रश्न उठाउन नपाइने भनी उल्लेख गरेको हुँदा प्रस्तुत निवेदनमा उठाएको विषयमा अदालत प्रवेश गर्न मिल्ने हो वा होइन भन्ने प्रश्नमा विचार गर्नुपर्ने ।

प्रस्तुत निवेदनमा उठाएको विषय नेपाल सरकार मन्त्रिपरिषद्को गठन गर्दा समावेशी सिद्धान्त अबलम्बन गर्ने विषय सरकारको नेतृत्वको प्रतिबद्धता तथा राजनैतीक नैतिकतासँग पनि जोडिएको विषय हो, तर मूलतः मन्त्रिपरिषद् कसरी गठन गर्ने सम्बन्धमा नेपालको संविधानको धारा ५१ अन्तर्गत राज्यको नीतिभित्र पर्ने राजनैतिक विषय भएकोले नेपालको संविधानको धारा ५५ बमोजिम अदालतबाट रिटको माध्यमबाट तत्कालै हस्तक्षेप गरिहाल्नुपर्ने अपरिहार्यताको अवस्था देखिएन । तसर्थ, प्रस्तुत रिट निवेदन खारेज हुने ।

प्रस्तुत रिट निवेदन खारेज हुने ठहरी आदेश भए पनि वर्तमान संविधानले प्रत्याभूत गरेको धारा ४२ सामाजिक न्यायको हकअन्तर्गतको निवेदकले उठान गरेको राज्य संयन्त्रमा समावेशी सिद्धान्तअनुरूप नियुक्ति नभएको विषय संविधानको मूल मर्मअन्तर्गतको विषय हो भन्ने देखियो । नेपालको संविधानको प्रस्तावनामा नै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने भन्ने कुरा उल्लेख भएको साथै मौलिक हकहरू र राज्यका तीनवटै अङ्गमा समानुपातिक समावेशीकरणको सिद्धान्त अवलम्बन गर्ने भनी उल्लेख भएको देखिन्छ । उपर्युक्त व्यवस्था संविधानले नै आत्मसात् गरिसकेको अवस्थामा सङ्घीय तथा प्रादेशिक मन्त्रिपरिषद्को गठन, पुनर्गठन गर्दा, राज्यका सङ्घीय र प्रादेशिक अङ्ग तथा संयन्त्रमा नियुक्ति गर्दा सक्षम, दक्ष, जिम्मेवारी लिन सक्ने एवं उपलब्धिमूलक काम गर्न सक्ने योग्य व्यक्ति छनौट गरी सुशासनको प्रत्याभूति हुने गरी नेपालको संविधानको धारा ४, धारा ४२ तथा धारा ५० लगायतका समावेशीकरणसँग सम्बन्धित धारामा गरिएका व्यवस्थाहरूको पूर्णकार्यान्वयन हुने कुराको सुनिश्चितता गर्नु गराउनु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत - भूमिप्रसाद शर्मा

कम्प्युटर अपरेटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल चैत्र २१ गते रोज २ शुभम् ।

**२५**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-WO-१५३२, परमादेश, आर्यन शर्मा वि. जिल्ला प्रशासन कार्यालय, पर्सासमेत*

रिट निवेदकको जन्म नेपालमा नै भएको, हालसम्म नेपालमा नै बसोबास गरेको र निजले बाबुको पहिचान यकिन गर्न नसकेको तथा गर्न सक्ने अवस्थाको विद्यमानतासमेत नदेखिएको र नागरिकता प्राप्तिपछि विश्वसनीय तथ्य प्रमाणहरूबाट निजको

बाबु विदेशी भएको ठहरेमा कानूनबमोजिम अङ्गीकृत नागरिकतामा परिणत हुन सक्ने नै देखिँदा यी रिट निवेदकलाई आमाको नामबाट वंशजको आधारमा नेपाली नागरिकता प्रदान गर्नबाट इन्कार गर्न मिल्दैन।

अतः निवेदकको आमाको नामबाट वंशजको आधारमा नेपालको नागरिकता प्रमाणपत्रका लागि आवश्यक सिफारिस गर्नु गराउनु भनी प्रत्यर्थी स्थानीय सरकार तथा सोअनुरूप नेपालको नागरिकताको प्रमाणपत्र जारी गर्नु गराउनु भनी नेपाल सरकार गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, पर्साको नाममा परमादेश जारी गरिदिएको छ।

इजलास अधिकृत : गेहेन्द्र राज रेग्मी/सिम्रन नापीत
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०८० साल भाद्र ३ गते रोज १ शुभम्।

**२६**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७६-CR-०४०४, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. जिकरुल्लाह मियाँ*

प्रतिवादी जिकरुल्लाह मियाँले परिवर्तित नाम ०४-५-झ लाई दमकदेखि वीरगन्जसम्म लगेको अवस्थामा त्यहाँबाट माइती नेपालले उद्धार गरी ल्याएको भन्ने देखिँदा प्रतिवादी जिकरुल्लाह मियाँलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (२) को देहाय (ख) बमोजिमको कसुरमा ऐ.को दफा १५ को उपदफा (१) को देहाय (छ) बमोजिम ७ (सात) वर्ष कैद भई प्रतिवादीबाट पीडितले रु.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराइपाउने ठहर गरी झापा जिल्ला अदालतबाट मिति २०७५।१।२० मा भएको फैसला केही नमिलेको हुँदा सो हदसम्म उल्टी भई सोही ऐनको दफा ४ को उपदफा (२) को देहाय (ख) बमोजिम कसुर गरेको देखिएकोले प्रतिवादी जिकरुल्लाह मियाँलाई ऐ. ऐनको दफा १५ को उपदफा (१) को देहाय (च) बमोजिम १ वर्ष ६ महिना (एक वर्ष छ महिना) कैद हुने ठहर गरेको उच्च अदालत विराटनगर इलाम इजलासको मिति २०७६।२।१४ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत - गेहेन्द्र राज रेग्मी
कम्प्युटर - विष्णुदेवी श्रेष्ठ
इति संवत् २०८० साल साउन १५ गते रोज २ शुभम्।

**२७**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७०-CI-१०२८, नक्सा पासबेगर पर्खाल निर्माण गरी बाटो (सडक) बन्द गरेको खुलाइपाऊँ, संजिवलाल श्रेष्ठ वि. रुकमणी शाक्य*

काठमाडौं महानगरपालिकाले सार्वजनिक बाटो कायम नहुने गरी गरेको निर्णयउपर स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ बमोजिम पुनरावेदन अदालत पाटनबाट एक तह पुनरावेदन सुनी फैसला गरेको कुरामा यस अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्था रहेको नदेखिँदा मुद्दाको अन्य तथ्यमा प्रवेश गरी हेर्न मिलेन। पुनरावेदक प्रतिवादीको पुनरावेदन खारेज हुने।

इजलास अधिकृत : अञ्चन भट्टराई
कम्प्युटर : सुजन नेपाल
इति संवत् २०८० साल जेठ ८ गते रोज २ शुभम्।

## इजलास नं. ८

**२८**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७२-CR-०६५८, ०७२-CR-०७६८, ०७३-CR-०७२८, वैदेशिक रोजगार ठगी, हरिप्रसाद काफ्ले वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिप्रसाद काफ्लेसमेत, हरिप्रसाद राई वि. नेपाल सरकार*

जाहेरवाला सुरज गौतम तथा दिपक श्रेष्ठको मिति २०६९।०४।१३ को लिखत पुष्टि हुन नसकेको

हुँदा सोतर्फ अभियोग माग दाबी नपुग्ने, जाहेरवाला सुदिपसमसेर कुँवरको मिति २०६८।१२।२८ को लिखतका सन्दर्भमा प्रतिवादी हरिप्रसाद काफ्लेले स्वीकार गरेको अवस्था रहेको र सो सम्बन्धमा प्रेषित लिखतलाई अन्यथा प्रमाणित गर्न नसकेको हुँदा प्रतिवादीमध्येका लिखत गर्ने हरिप्रसाद काफ्लेले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुर गरेको हुँदा ऐ.ऐनको दफा ४३ बमोजिम यी प्रतिवादी हरिप्रसाद काफ्लेलाई तजबिजी रु.३,००,०००।- (तीन लाख रूपियाँ) जरिवाना र ३।०।० वर्ष कैद सजाय हुने र जाहेरवालाहरू सुदिप शमशेर कुँवर र डेग शमशेर कुँवरको हर्जानासहितको बिगो निज प्रतिवादी हरिप्रसाद काफ्लेबाट भराइपाउने साथै प्रतिवादीमध्येका हरिप्रसाद राई ऐ. ऐनको दफा ५६ बमोजिमको उल्लिखित कसुरको मतियार रहेको हुँदा निजलाई उक्त कसुरको आधा सजाय अर्थात् रु.१,५०,०००।– (एक लाख पचास हजार रूपियाँ ) जरिवाना र १।६।० (एक वर्ष छ महिना) कैद सजाय हुने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७२।०२।२५ मा भएको फैसला कानूनसम्मत मिलेकै देखिन्छ । उक्त फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग मिसिल सम्बद्ध आधार र प्रमाणको कारण सहमत हुन सकिएन ।

जाहेरवाला सुरज गौतम तथा दिपक श्रेष्ठको मिति २०६९।०४।१३ को लिखततर्फको अभियोग माग दाबी नपुग्ने, जाहेरवाला सुदिप शमशेर कुँवरको मिति २०६८।१२।२८ को लिखतका सन्दर्भमा प्रतिवादीमध्येका लिखत गर्ने हरिप्रसाद काफ्लेले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कसुर गरेको हुँदा ऐ.ऐनको दफा ४३ बमोजिम यी प्रतिवादी हरिप्रसाद काफ्लेलाई तजबिजी रु.३,००,०००।- (तीन लाख रूपियाँ) जरिवाना र ३।०।० वर्ष कैद सजाय हुने र जाहेरवालाहरू सुदिप शमशेर कुँवर र डेगशमशेर कुँवरको हर्जानासहितको बिगो निज प्रतिवादी हरिप्रसाद काफ्लेबाट भराइपाउने साथै प्रतिवादीमध्येका हरिप्रसाद राई ऐ. ऐनको दफा ५६ बमोजिम उल्लिखित कसुरको मतियार रहेको हुँदा निजलाई उक्त कसुरको आधा सजाय अर्थात् रु.१,५०,०००।– (एक लाख पचास हजार रूपियाँ ) जरिवाना र १।६।० (एक वर्ष छ महिना) कैद सजाय हुने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७२।०२।२५ मा भएको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर - मन्जिता ढुंगाना

इति संवत् २०७९ साल पौष १९ गते रोज ३ शुभम् ।

**२९**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७८-WH-००२८, बन्दीप्रत्यक्षीकरण, सुरज लामा वि. भक्तपुर जिल्ला अदालतसमेत*

संहिताको दफा १५५ मा अदालतलाई कैद सजाय पाएको व्यक्तिलाई रकम लिई छाड्न विभिन्न आधारमा स्वविवेक प्रदान गरेको अवस्थामा उक्त व्यवस्था बाध्यकारी नभई व्यक्तिले हक अधिकारको रूपमा माग गर्न सक्ने देखिँदैन । यद्यपि हाल दोस्रो चरणको कोरोनाको महामारी फैलिरहेको विषम परिस्थितिलाई मध्यनजर राख्दा कारागारको भिडभाडमा जीवन रक्षाको मानवीय संवेदनशीलतालाई पनि दृष्टिगत गर्नु उपर्युक्त हुने देखिन्छ । मिसिल संलग्न कागजात हेर्दा यी निवेदक अभियोगसाथ अदालतमा उपस्थित भई बयान गरी पुर्पक्षको क्रममा अदालतबाट माग भएको धरौटी राखी तारेखमा रहेकोमा पछि तारेख गुजारी बसेको देखिँदा यी निवेदक प्रतिवादीलाई फरार रहेको भनी सुरू तथा उच्च अदालतले आदेश गर्दा

लिएको आधार मनासिब देखिएन । मिसिल संलग्न कागजातबाट यी निवेदक पहिलो पटकको कसुरदार देखिएको, कैद भुक्तान गर्न १ वर्षभन्दा कम अवधि रहेको अवस्थामा हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा प्रदान नगर्ने गरी भएको भक्तपुर जिल्ला अदालतको मिति २०७८।०३।२१ को आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७८।०४।२२ मा भएको आदेश त्रुटिपूर्ण देखिएकोले उक्त आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब, उपर्युक्त कानूनी व्यवस्थाबमोजिम निवेदकलाई ठहरेको कैदमध्येबाट भुक्तान हुन बाँकी रहेको अवधिको कैदबापत निवेदकले रकम दाखिल गरेमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(३) बमोजिम १ दिनको ३००।- रूपियाँका दरले हुन आउने रकम लिई ऐ.को उपदफा (२) बमोजिम कागज गराई कैद मुक्त गर्नु भनी भक्तपुर जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत - यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ साल भाद्र २५ गते रोज ६ शुभम् ।

**३०**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा**, *०६७-WO-०५८८, उत्प्रेषणयुक्त परमादेश, मिकेश के.सी वि. काठमाडौं जिल्ला, मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंसमेत*

रिट निवेदकले निवेदनमा मालपोत ऐन, २०३४ को दफा २४ अनुसार सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्वभएको मालपोत कार्यालयले कानूनविपरीत उक्त कि.नं. ९५, ११४ र १३२ का सार्वजनिक जग्गाहरू तिर्थमाया महर्जनको नाममा हालसाबिक नामसारी दर्ता रोक्का फुकुवा गरेको भनी दाबी लिएको देखिन्छ । उक्त दाबीतर्फ हेर्दा, मालपोत ऐन, २०३४ को दफा २४ मा "सरकारी, सार्वजनिक र सामुदायिक जग्गा दर्ता गर्न वा आवाद गर्न नहुने" भन्ने उल्लेख भएको देखिन्छ । उक्त साबिक कि.नं. ९५, ११४ र १३२ को जग्गा २०२९ सालको सर्भे उजुरी फाँटको निर्णयले नै न्हुच्छे महर्जनको भएको र निजको नाममा दर्ता स्रेस्तासमेत कायम भएको देखिएबाट उक्त जग्गाहरू सार्वजनिक जग्गा नभई व्यक्तिको जग्गा भएकोले मालपोत ऐन, २०३४ को दफा २४ आकर्षित हुने देखिएन । मालपोत कार्यालयले कानूनबमोजिम नै मिति २०६६।११।१९ निर्णयबाट साबिक कि.न ९५, ११४ र १३२ बाट कित्ताफोड भई बनेका कित्ताहरू स्थलगत सर्जमिन तथा नापी कार्यालयबाट पुन: नापजाँच गराई रावल आयोगको रोक्का छुट्याई तिर्थमाया महर्जनको नाममा हालसाबिक नामसारी दर्ता तथा रोक्का फुकुवा गरिदिएको अवस्थामा उक्त जग्गाहरू निवेदकले दाबी लिएजस्तो सरकारी सार्वजनिक प्रकृतिको मान्न मिलेन ।

रिट निवेदकले सार्वजनिक भनी दाबी लिएका काठमाडौं जिल्ला बालाजु ३ ग को साबिक कि.नं. ९५, ११४ र १३२ का जग्गाहरू सर्भे उजुरी फाँटको मिति २०२९।९।२७ को निर्णय अनुसार न्हुच्छे महर्जनको नाममा दर्ता स्रेस्ता कायम भएकोमा २०४८ सालको नापीबाट कि.नं. ९५ बाट कित्ताफोड भई बनेका कित्ता जग्गाहरू फिल्डबुकमा पर्ती देखिन गई रावल आयोगबाट मानवीय त्रुटिको कारण भुलवस रोक्का भएका जग्गाहरू भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०६१।११।१४ को परिपत्रको आधार (१) (ग) को प्रक्रिया पूरा गरी भएको मालपोत कार्यालय डिल्लीबजारको मिति २०६६।११।१९ को निर्णय कानूनबमोजिम नै भएबाट निवेदकको निवेदन जिकिरबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - सुशिल आचार्य

कम्प्युटर - सुप्रभा अर्याल

इति संवत् २०८० साल मंसिर ४ गते रोज २ शुभम् ।

**३१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी**, *०७६-CR-१२३३, जबरजस्ती करणी, नेपाल सरकार वि. अशोकप्रसाद थारू*

प्रतिवादीले सुरू अदालतमा बयान गर्दा ५ कट्ठा जग्गा सुकुम्बासीबाट पाएको छु । त्यो जग्गा बुबाको नाउँमा छ भनी बयान बेहोरा लेखाएको देखिन्छ । अनुसन्धानको क्रममा बयान गर्दा बाजेको नाम धानु थारू र बाबुको नाम सुन्दरप्रसाद थारू भनी उल्लेख गरेको देखिन्छ । मिसिल संलग्न मालपोत कार्यालय धनगढी कैलालीले इलाका प्रहरी कार्यालय सुखड कैलालीलाई लेखेको पत्र संख्या ०७४।०७५, च.न.९९८२, मिति २०७५।१।२६ को पत्रमा धानु थारूको नाममा दर्ता स्रेस्ता रहेको जिल्ला कैलाली पहलमानपुर वार्ड नं. ९ सिट नं. ०२७-११५४ कि.नं. २२४ को १६९३.१५ व.मि. जग्गा अभिलेखबाट देखिएको भनी उल्लेख भएको देखिँदा सुरू जिल्ला अदालतबाट प्रतिवादीको आर्थिक अवस्थासमेत बुझी निजबाट क्षतिपूर्ति भराउने गरी भएको फैसला न्यायसम्मत नै रहेकोमा सो हदसम्म उल्टी गरी प्रतिवादी मिस्त्री काम गर्ने भई निजको आर्थिक अवस्था कमजोर देखिएको भनी प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति नदिलाउने गरी उच्च अदालत दिपायलले फैसला गर्दा लिएको आधार तत्काल प्रचलित कानून र न्यायको रोहमा समेत मिलेको देखिएन । तसर्थ सुरु फैसला केही उल्टी गरी प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराइदिनु नपर्ने ठहऱ्याएको सो हदसम्मको उच्च अदालत दिपायलको मिति २०७६।१।२९ को फैसला उल्लिखित कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा सो हदसम्म मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई प्रतिवादीबाट पीडितले क्षतिपूर्तिसमेत भराइ लिन पाउने ।

पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्यायको हक अपराध पीडितको नैसर्गिक हकको रूपमा हाम्रो संवैधानिक व्यवस्थाले समेत स्वीकारिसकेको छ । यस हकलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नु राज्यका अन्य निकायहरूसहित अदालतको दायित्व हो र अदालतले दिएको आदेशबमोजिम पीडितलाई न्याय प्रदान गर्नु राज्यको अनिवार्य कर्तव्यभित्र पर्ने विषय हो । राज्यले अपराधबाट पीडितलाई परेको नकारात्मक प्रभावको पहिचान गर्ने दायित्वको निर्वाह गरी पीडितलाई Healing process अर्थात् उपचारको प्रक्रियाको अनुभूति गराउन मनासिब क्षतिपूर्तिसमेतले केही मद्दत पुग्दछ । यसरी समग्रमा पीडितलाई न्याय प्रदान गर्ने सम्बन्धमा राज्यको अहम् भूमिका रहेको वस्तुगत तथ्यलाई कसैले नकार्न सक्ने देखिँदैन ।

अतः अनुसन्धान र अभियोजन पक्षले पीडितले भोगेको क्षति स्थापित गर्न असफल हुनुको कारण वा क्षतिपूर्ति प्रदान गर्न कसुरदारको आर्थिक अवस्था कमजोर वा पर्याप्त नहुनुको कारणले पीडितप्रति भएको अन्यायको निरन्तरता हुनुलाई स्वीकार्य मान्न सकिँदैन । प्रस्तुत मुद्दामा पीडितको उमेर, शिक्षा र व्यक्तिगत जीविकोपार्जनको अवस्थाका लागि सहज हुने गरी तथा प्रतिवादीको आर्थिक अवस्थासमेतलाई ध्यानमा राखी पीडितलाई नेपाल सरकारबाटै क्षतिपूर्ति उपलब्ध गराउँदा प्रभावकारी हुने देखिएको हुँदा पछि प्रतिवादीको सम्पत्ति पत्ता लागेमा सोध भर्ना गर्ने गरी यो आदेश प्राप्त गरेको एक महिनाभित्र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३० (४) र (५) बमोजिम रु.१,५०,०००।- (एक लाख पचास हजार रूपियाँ) क्षतिपूर्ति रकम नेपाल सरकारको पीडित राहत कोषबाट भराइदिने ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली
कम्प्युटर : सुप्रभा अर्याल
इति संवत् २०७८ साल माघ ७ गते रोज ६ शुभम् ।

**३२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-RB-०१५६, ०७२-RB-०३९८,*

*०७३-RB-०१७८, ०७४-RB-०३५०, बैंकिङ कसुर, हिमालयभक्त प्रधानाङ्ग वि. नेपाल सरकार, नेपाल सरकार वि. हिमालयभक्त प्रधानाङ्गसमेत, मदन खत्री वि. नेपाल सरकार, श्यामकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीहरूले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५ को कसैले पनि बैंक वा वित्तीय संस्थामा रहेको खाताबाट रकम निकाल्दा वा भुक्तानी दिँदा अनधिकृत रूपमा अन्य व्यक्तिको खाताबाट रकम निकाल्न नहुने, दफा ७(क) को गलत झुट्टा वा नरहे नभएको वित्तीय विवरण पेस गरी वा कृत्रिम व्यवसाय खडा गरी कर्जा लिन वा दिन नहुने, ऐ. (च) को वास्तविक रूपमा व्यवसाय सञ्चालन गर्न सक्ने वित्तीय हैसियत नभएको वा आफूले अनुचित प्रभाव पार्न सक्ने व्यक्तिको नाममा संस्था संस्थापना गराई त्यस्तो संस्थामार्फत कर्जा लिन वा त्यस्तो कुरा जानीजानी कर्जा दिन नहुने, ऐ. (छ) को ग्राहकको कारोबारको तुलनामा आवश्यकताभन्दा बढी कर्जा दिन नहुने, दफा ८ को कसैले पनि बैंक वा वित्तीय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्नु वा गराउनु हुँदैन भन्ने, दफा ९(१) को बैंक वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक, प्रचलित कानूनबमोजिम वित्तीय स्वार्थ रहेको मानिने शेयरधनी, प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, सल्लाहकार, मेनेजिङ्ग एजेन्ट वा सम्बद्ध व्यक्ति वा संस्था वा त्यस्तो व्यक्तिका परिवारका सदस्य वा नजिकका नातेदारले बैंक वा वित्तीय संस्थाबाट कर्जा वा सुविधा लिई वा अन्य कुनै तरिकाले बैंक वा वित्तीय संस्थाको स्रोत र साधनको दुरुपयोग गर्नु हुँदैन भन्ने तथा ऐ.को उपदफा (२) को कसैले पनि निक्षेपकर्ता वा बैंक वा वित्तीय संस्थाको हितप्रतिकूल हुने गरी बैंक वा वित्तीय संस्थाको सम्पत्ति खर्च गर्न गराउन हुँदैन भन्ने तथा दफा १२ को कसैले पनि बैंक वा वित्तीय संस्थाको कुनै कागजात वा खाता बहीमा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्कै मतलब निस्कने बेहोरा पारी मिलाई लेख्नेजस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले किर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा बेहोरा फरक पारी सहीछाप गरी गराई, कागजात बनाई वा बनाउन लगाई जालसाजी गर्न हुँदैन भन्ने तथा दफा १४ को बैंक वा वित्तीय संस्थालाई हानि नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले पनि कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा नगर्न, कुनै किसिमको रकम लिन वा दिन, बिनामूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले कुनै कार्य गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था बमोजिमका कसुरजन्य कार्यहरू गरेको पुष्टि भएको देखिन आएको छ । नक्कली कर्जामा लगानी देखाएको, नक्कली कर्जा फाइल खडा गरेको, आफूखुसी स्वेच्छाले संस्थाबाट रकम निकाली अनियमितता गरी जम्मा रु.२२,२६,५७,०००।- रकम कर्जा प्रवाह भएकोमा रु.७५,३३,७५,०००।- रकम कर्जा प्रवाह भएको देखाइएको र उक्तमध्ये रु.५,६९,६५,७८६।५७ ललितपुर शाखाबाट अनुप प्रधानले र रु.४८,३८,४४,५३३।३३ केन्द्रीय कार्यालयबाट हिमालयभक्त प्रधानाङ्गसमेतका प्रतिवादीहरूले हिनामिना तथा अनियमितता गरी बैंकिङ कसुर गरेको भन्ने पुष्टि हुन आएको देखिन्छ । सो हुँदा प्रतिवादी अनुप प्रधानलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेको देखिएन। प्रतिवादी अनुप प्रधानले हिमालय फाइनान्सको रकम रु.५,६९,६५,७८६।५७ हिनामिना गरी हानि नोक्सानी पुऱ्याएको पुष्टि भएको

हुँदा निज प्रतिवादीले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५, ७(क), (च) र (छ), दफा ८, दफा ९(१)(२), दफा १२ र दफा १४ बमोजिमको कसुर गरेको देखिन आयो । अतः प्रतिवादीहरू हिमालयभक्त प्रधानाङ्ग, तिर्थराम वैद्य, मदन खत्री, ऐश्वर्यलाल प्रधानाङ्ग, सिसम मल्ल, उदयचन्द्र मल्ल र श्यामकृष्ण श्रेष्ठ विरुद्ध कसुर ठहर गरी अन्य प्रतिवादीहरू फडिन्द्र खरेल, अनुप प्रधान, रमेशचन्द्र आचार्य, राजराज्यश्वरी र महेश्वर हुमागाईंले सफाइ पाउने गरी भएको पुनरावेदन अदालत पाटन, वाणिज्य इजलासको फैसला प्रतिवादी अनुप प्रधानको हकमा उल्टी भई आरोपित कसुर ठहर हुने र अन्यको हकमा पुनरावेदन अदालत पाटन, वाणिज्य इजलासको फैसला मिलेकै देखिन आयो।

हिमालय फाइनान्स लिमिटेडमा वित्तीय विवरण नक्कली बनाई नेपाल राष्ट्र बैंकमा पेस गरेको, आर्थिक अनियमितता गरी लाभ लिएको र प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशनविपरीत अनियमित तवरले कर्जा प्रवाह गरी संस्थाको साधन हिनामिना गरेको तथा उक्त कर्जा चुक्ता नगरी नगराई निक्षेपकर्ता, साहु, लगानीकर्ता, संस्था तथा वित्तीय प्रणालीलाई हानि नोक्सानी पुऱ्याउने तथा जोखिममा पार्नेसमेतका कार्य गरेको भन्ने देखिएबाट प्रतिवादीहरू हिमालयभक्त प्रधानाङ्ग, तिर्थराम वैद्य, मदन खत्री, ऐश्वर्यलाल प्रधानाङ्ग, सिसम मल्ल, उदयचन्द्र मल्ल र श्यामकृष्ण श्रेष्ठले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ९, १२ र १४ बमोजिमको कसुर गरेकोमा सोही ऐनको १५(२)(घ) बमोजिम जनही ३ वर्ष कैद र ऐ. दफा १५(२) बमोजिम रु.४८,३८,४४,५३३।३३ (अठ्चालिस करोड अठ्तिस लाख चौवालिस हजार पाँच सय तेत्तिस पैसा तेत्तिस) को दामासाहीले रु.६,९१,२०,६४७।– (छ करोड एकानब्बे लाख बिस हजार छ सय सट्चालिस) जनही बिगो भराई बिगोबमोजिम रु.६,९१,२०,६४७। जरिवाना हुने गरी भएको पुनरावेदन अदालत पाटन, वाणिज्य इजलासको मिति २०७१।८।८ को फैसला निजहरूको हकमा मिलेको देखिँदा सदर हुने र अन्य प्रतिवादीहरूले सफाइ पाउने ठहरी भएको उक्त फैसला केही उल्टी भई प्रतिवादी अनुप प्रधानलाई अभियोग दाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५, दफा ७(क), (च) र (छ), दफा ८, दफा ९(१)(२), दफा १२ र दफा १४ बमोजिमको कसुरमा सोही ऐनको दफा १५(२)(घ) बमोजिम ३ वर्ष कैद र ऐ. दफा १५(२) बमोजिम बिगो रु.५,६९,६५,७८६।५७ (पाँच करोड उनन्सत्तरी लाख पैसट्ठी हजार सात सय छयासी पैसा सन्ताउन्न) भराई बिगोबमोजिम रु.५,६९,६५,७८६।५७ जरिवाना हुने।

इजलास अधिकृत - महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर - मन्जिता ढुंगाना

इति संवत् २०८० साल कार्तिक १६ गते रोज ५ शुभम् ।

## ३३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CI-०२००, अंश नामसारी, दर्ता चलन, हरिबहादुर थापा वि. कृष्णकुमारी थापा*

वादी टीकाबहादुर थापाले मिति २०४७।३।१९ मा अंश पाउने गरी फैसला भइसकेपछि अंशबापत नगद रकम लिई विदेश गएकोले पुन: अंशमा दाबी गर्न प्राङ्न्यायको सिद्धान्त अनुसार पाउने होइन भनी पुनरावेदक प्रतिवादी हरिबहादुर थापाले मुख्य जिकिर लिएकोमा त्यस्तो जिकिर पुष्टि हुने अंशबापत नगद बुझेको भरपाई कागज वा अन्य कुनै वस्तुनिष्ट प्रमाण पेस गर्न सकेको देखिँदैन । कुनै पक्षले आफूले लिएको दाबी वा जिकिर पुष्टि हुने गरी प्रमाण दिन नसकेको अवस्थामा त्यस्तो दाबी वा जिकिरको मुद्दामा महत्त्व रहन सक्दैन । अंशियार भएकोमा विवाद नभएको र अदालतको फैसलाले अंश पाउने ठहर भइसकेपछि सो अंश बुझिलिएको भन्ने कागज प्रमाणबाट देखिनुपर्छ । त्यस्तो अवस्थामा मौखिक भनाइको अर्थ

रहने देखिँदैन । त्यसैले फैसला अनुसारको अंशबन्डा गरी अंश लिई नसकेको अवस्थामा सो अंश माग गर्नुलाई प्राङ्न्यायको सिद्धान्तविपरीत पुन: अंश माग गरेको भनी अर्थ गर्न मिल्दैन ।

पुनरावेदक हरिबहादुर थापाले आफू वृद्ध अवस्थाको र अर्केको सहारामा बाँच्नुपर्ने म अशक्त व्यक्तिलाई अंश र सम्पत्तिविहीन बनाई स्वास्थ्य उपचार अवरुद्ध हुने र सडकमा पुऱ्याउने गरी फैसला भएको भन्ने भावनात्मकरूपको पुनरावेदन जिकिर रहेको सम्बन्धमा हेर्दा, वादी टिकाबहादुर थापाले दायर गरेको अंश मुद्दामा मिति २०४७।३।१९ मा भएको फैसला अनुसार बन्डा लाग्ने कि.नं. १६५ क्षे.फ. ३-१२-०-० र कि.नं. १६९ क्षे.फ. २-११-०-० को जम्मा क्षे.फ. ६-७-०-० जग्गा रहेको र सोको ३ भाग लगाउँदा २-२-०-३ मात्र यी पुनरावेदकको भागमा पर्ने देखिन्छ । तर यी पुनरावेदकले आफ्नो भाग हिस्सामा पर्ने जग्गाभन्दा बढी जग्गा बिक्री गरिसकेको अवस्थामा अदालतले भावनात्मक भनाइको भरमा आत्मपरक ढंगले निर्णय गर्न सक्ने देखिँदैन । मुद्दामा संलग्न प्रमाणका आधारमा कानूनमा आधारित भएर फैसला गर्नुपर्दछ । पुनरावेदकले लिएको उक्त जिकिरका सम्बन्धमा विचार गर्दा हालसम्म अंशविहीन भई बसेका निजका दाजुको अंश हकका सम्बन्धमा समेत अदालत संवेदनशील हुनुपर्ने देखिन्छ । त्यसमा पनि हालसम्म सम्पूर्ण पैतृक सम्पत्ति उपभोग गरी हाल निज हरिबहादुरको मिति २०७०।१।२१ (सन् २०१३/०५/०४) परलोकसमेत भइसकेको अवस्था हुँदा पुनरावेदकले उठाएको उक्त जिकिरको औचित्य समाप्त भइसकेको देखिन्छ । अत: माथि उल्लिखित आधार, कारणहरूसमेतबाट प्रतिवादी हरिबहादुर थापाको नाममा रहेको सम्पूर्ण सम्पत्ति वादीलाई दिने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला त्रुटिपूर्ण रहेको भनी यस अदालतबाट मिति २०७३।०४।१३ मा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा लिइएको आधारसँग सहमत हुन सकिएन ।

पुनरावेदक प्रतिवादी हरिबहादुर थापाका नाममा बाँकी रहेको कि.नं. ३९९ को क्षेत्रफल १-१०-०-० पुरै जग्गा वादीको नाममा अंश नामसारी हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९।२।२२ को फैसला सदर हुने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।०७।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : हेमराज शर्मा

इति संवत् २०८० साल जेठ १४ गते रोज १ शुभम् ।

**३४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-CR-१९५५, करकाप, भिष्मभूषण श्रेष्ठ वि. धन के.सी. समेत*

पुनरावेदक वादीले आफूलाई प्रत्यर्थी प्रतिवादीहरूले अपहरण गरी करकाप गरी पाँच थान कागजमा सहीछाप गराएको हो, तीमध्ये दुई थान कागजमा क्रमशः २०६३।०५।११ र २०६३।०५।१२ समेतको मिति राखेको हो भन्नेसमेत जिकिर लिएको देखिन्छ । मिसिल संलग्न रहेका उल्लिखित मिति २०६३।०५।११ र २०६३।०५।१२ का कागज हेर्दा, निज पुनरावेदकले प्रतिवादीहरू अनिल प्रजापति र सन्तवीर राईसमेतलाई वैदेशिक रोजगारमा पठाइदिने भनी रकम लिएको बेहोरा उल्लेख भएको देखिन्छ । आफूलाई प्रतिवादीहरूले करकापसँग कागज गराएको भन्ने दाबी वादीको रहेको छ । सो दाबी प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादीले नै पुष्टि गर्नुपर्ने हुन्छ, तर वादीले सो पुष्टि गर्न सकेको पाइँदैन । वादीले विभिन्न व्यक्तिहरूबाट करोडौं रकम उठाई खाएर ठगी गरेको हुँदा सोबाट बच्नको लागि झुट्टा करकाप मुद्दा दायर गराएका हुन् भनी प्रतिवादीका साक्षी गायत्री श्रेष्ठले अदालतसमक्ष बकपत्र गरिदिएको पाइन्छ । त्यस्तै वादीको साक्षी प्रेम संग्रौलासमेतले करकापबाट कागज भएको भन्ने सुनी थाहा पाएको भने पनि करकापबाट कागज तयार गर्दा देखेको भनी बकपत्र

गर्न सकेको पाइँदैन । करकापसँग कागज गराएको भन्ने दाबी लिनु मात्र आफैँमा पर्याप्त हुँदैन । त्यस्तो दाबीलाई तथ्य र प्रमाणसम्मत तवरले पुष्टि गर्नुपर्ने हुन्छ, वादीले त्यसो गर्न सकेको पाइएन । करकापसँग कागज गराएको विश्वसनीय र भरपर्दो प्रमाणको अभावमा करकापसँग कागज गराएको भनी निष्कर्षमा पुग्नु न्यायोचित हुँदैन । यसप्रकार करकापबाट कागज गरेको तथ्य वादीले पुष्टि गर्न नसकेको सन्दर्भमा सुरू काठमाडौं जिल्ला अदालतबाट वादी दाबी नपुग्ने ठहऱ्याई भएको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला अन्यथा नदेखिँदा करकापसँग कागज गराएको ठहऱ्याउनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

सुरू काठमाडौं जिल्ला अदालतबाट वादी दाबी नपुग्ने ठहऱ्याई भएको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको मिति २०६८।१०।२९ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - गगनदेव महतो

कम्प्युटर - मन्जिता ढुंगाना

इति संवत् २०८० साल वैशाख ११ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७२-CR-१९५६, करकाप, भिष्मभूषण श्रेष्ठ वि. धन के.सी. समेत
- ०७२-CR-१९५७, वैदेशिक रोजगार, भिष्मभूषण श्रेष्ठ वि. नेपाल सरकार

## इजलास नं. ९

३५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री नहकुल सुवेदी**, *०७५-RB-०७३८, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिस्टिब्युटर्स प्रा.लि. वि वीरगन्ज भन्सार कार्यालय, पर्सा वीरगन्जसमेत*

नेपालको सन्दर्भमा भन्सार मूल्य कसरी निर्धारण गरिन्छ भन्ने विषयमा नै सर्वप्रथम विचार गर्नुपर्ने देखियो । भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (२) मा पैठारी गरिने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्दा त्यस्तो मालवस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गर्नुपर्ने देखिन्छ । यस ऐनको दफा २(ख) मा "कारोवार मूल्य भन्नाले पैठारीकर्ताले पैठारी गरेको मालवस्तुको बिक्रेतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वास्तविक रूपमा भुक्तानी गरेको वा गर्नुपर्ने रकममा त्यस्तो मालवस्तु नेपालको सीमासम्म ल्याउँदा लागेको वा लाग्न सक्ने भाडा, बीमा तथा अन्य सम्बद्ध खर्च जोडी हुन आउने कुल रकम सम्झनुपर्छ" भनी गरिएको व्यवस्थाअनुसार मालवस्तु नेपालको सीमासम्म ल्याउँदा खरिद / आयातकर्ताको दायित्वभित्र पर्ने खर्चसमेत जोडी बिक्रेतालाई वास्तविक रूपमा भुक्तानी गरेको वा गर्नुपर्ने रकमलाई आधार लिएको पाइन्छ । यस्तो आधारको निमित्त प्रत्यक्ष प्रमाण हेरिनुपर्ने हुँदा कस्तो आधिकारिक स्रोतबाट कति रकम भुक्तानी भएको छ भनी प्रथम दृष्टिमा नै विचार गर्नुपर्ने हुन्छ । प्रस्तुत पुनरावेदनमा प्रतितपत्रको माध्यमबाट बाहेक अन्य कुनै भुक्तानी भएको भन्ने विवाद नरहेको हुँदा आधिकारिक रूपमा भएको भुक्तानीको लागि बैंकबाट जारी भएका प्रतितपत्र (LC) वा भुक्तानीका अन्य कुनै प्रक्रिया प्रयोग भएको भए त्यसलाई प्रमाणमा लिनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा बैंकमार्फत जारी भएको प्रतितपत्रको प्रतिलिपी मिसिल संलग्न रहेको देखिएको कारण भुक्तानीको विषयमा सो नै निर्विवाद प्रमाण देखिने ।

उक्त SAFTA अन्तर्गत जारी गरेको Combined Declaration Form मा FOB मूल्यलाई आफ्नो प्रयोजनका लागि भारत सरकारको Export Inspection Council ले समेत प्रमाणीकरण गर्दा उक्त कागजातमा FOB को मात्र छुट्टै कोलम (column) रहेकोबाट सो देशको निर्यातको भन्सार

विन्दु खुलाई FOB मूल्य लेखी सोही आधारमा सुविधा दिएबाट SAFTA अन्तर्गतको निर्यात प्रमाणीकरणको प्रयोजनको लागि भन्सार विन्दुलाई आधार बनाई FOB मूल्य उल्लेख गरेको कारण भन्सार कार्यालयबाट भारतीय आधिकारिक निकायहरूबाट प्रमाणित विषयमा प्रश्न उठाई फरक फरक FOB को अनुमान गरी त्यसैलाई विवादको विषय बनाई स्पष्ट रूपमा अन्य प्रमाणबाट खुलेको CIF मूल्यमा फेरी भाडा र बीमा थप गरी निर्णय गर्नुपर्ने पर्याप्त आधार स्पष्ट हुन सकेको नपाइने।

भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (२) बमोजिम भन्सार मूल्य निर्धारण गर्दा कारोबार मूल्यको आधारमा गर्नुपर्ने व्यवस्था गरेको हुँदा पैठारीकर्ताले पेस गरेको विभिन्न विवरण र कागजातबाट निजले घोषणा गरेको कारोबार मूल्यमा शङ्का देखिन आएमा मात्र दफा १३ को उपदफा (६) बमोजिम निजले घोषणा गरेको मूल्य वास्तविक कारोबार मूल्य हो भनी प्रमाणित गर्ने थप कागजात वा प्रमाण माग गर्न सक्ने अधिकार भन्सार अधिकृतलाई प्राप्त रहेको सम्बन्धमा विवाद छैन । मिसिल संलग्न कागजातहरूको प्रकृति हेर्दा ARE 1 फाराम र SAFTA प्रमाणपत्र भारत सरकार अर्थात निर्यातकर्ता मुलुकको आधिकारिक निकायबाट जारी हुने हुँदा ती कागजातहरूको आधिकारिकतामा प्रश्न उठाउन उपयुक्त हुँदैन। प्रस्तुत विवादमा ती कागजहरू केरमेट भएको वा कसैले त्यसमा कैफियत गरेको भन्ने प्रश्न छैन। मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय हेर्दा, सैद्धान्तिक रूपमा अन्त:शुल्क फेक्ट्री गेटमा जारी हुने र Ex-Factory Door Price मा अन्त:शुल्क लगाईने हुँदा निकासी विन्दु भाडा तथा बीमा खर्च समावेश नहुने जनाई ARE 1 फारममा उल्लिखित मूल्यमा ढुवानी, भाडा, बीमा थप गरी भन्सार प्रयोजनको लागि मूल्य कायम गरेको भन्ने उल्लेख देखिन्छ। भारतको आधिकारिक निकायले प्रमाणित गरेको ARE 1 फाराममा स्पष्टसँग FOB value रू. २७,५६,८०७।-, भाडा रू. १,१५,७५०।- तथा बीमा रू. २४१५।- भन्ने छुट्टाछुट्टै अङ्क खुलाई जम्मा मूल्य रू. २८,७४,९७२।- देखाएकोलाई पारदर्शी नै मान्नुपर्ने अवस्थामा सैद्धान्तिक (Theoretical) आधारसँग तुलना गर्नु उचित देखिँदैन । भारतीय आधिकारिक निकायले प्रमाणित गरेको सो कागजलाई वीरगन्ज भन्सार कार्यालय वा मूल्याङ्कन पुनरावलोकन समितिले समेत अन्यथा भनेको देखिँदैन । भारतमा यदि घटी बढी अन्तःशुल्क असुल भएको हो भन्ने अनुमान गर्ने हो भने पनि त्यो निर्यातकर्ता एवं भारतीय अन्त:शुल्कसम्बन्धी आधिकारिक निकायको बिचको विषय हुने र त्यसमा आयातकर्ताको कुनै भूमिका नहुने एवम् त्यसलाई चुनौती दिने अधिकार वा हकदैयासमेत रहँदैन । आयातकर्ताको लागि आफूले आधिकारिक रूपमा कारोबार गरेको भुक्तानीको प्रमाण तथा आयातको बिजक बिल (Invoice) नै प्रत्यक्ष प्रमाण भएको तथा भारतबाट नेपाल प्रवेश गर्ने विन्दुसमेत उल्लेख गर्दै SAFTA Combined Declaration and Certificate मा उल्लिखित FOB मूल्य उल्लेख गरेबाट फरक फरक प्रयोजनको लागि गरिएको आधिकारिक एवं वास्तविक प्रमाणीकरणलाई अविश्वास गर्दै अन्त:शुल्कको सिद्धान्तको आधारमा भनी अनुमान गर्दै नेपालमा भन्सार महसुलको दायित्व वृद्धि गर्नुलाई न्यायोचित भन्न मिल्ने देखिएन। यस प्रकार पुनरावेदक पैठारीकर्ताले भारतबाट प्राप्त गरेको ARE 1 फाराम, Excise Invoice तथा SAFTA ले जारी गरेको प्रमाणपत्रमा समेतकै आधारमा CIF मूल्यमा कारोबार मूल्य घोषणा गरेको तथा सोहीअनुरूप भुक्तानी गरेको देखिएको अवस्थामा भाडा र बीमाबापतको रकम समावेश नभएको भनी पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्यमा पुनः भाडा र बीमाबापतको रकम थप जोडी भन्सार मूल्य कायम गरेको वीरगन्ज भन्सार कार्यालयको मिति २०७१।१२।२७ को निर्णय र सो

निर्णयलाई समर्थन गरेको मूल्याङ्कन पुनरावलोकन समितिको मिति २०७३।६।१० को निर्णय सदर हुने ठहऱ्याई राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०७४।१२।१४ मा भएको फैसला कानूनसम्मत नदेखिने ।

पैठारीकर्ताले पेस गरेको बिल (Invoice) मा CIF, FOB, ढुवानी (Freight) र बिमा (Insurance) समेत छुट्टाछुट्टै देखाई प्रज्ञापनपत्र भर्दा CIF मूल्य घोषणा गरेको हुँदा र सोही घोषणा मूल्यअनुरूप नै प्रतीतपत्रबाट भुक्तानी गरेकोबाट कारोबार मूल्य निर्विवादित भएको हुँदा कारोबार मूल्य रू. २८,७४,९७२।- लाई मान्यता नदिई भन्सार प्रयोजनका लागि रू. २९,९३,१३६।९८ मूल्य कायम निर्धारण गरी सोको आधारमा बढी भन्सार मूल्याङ्कन कायम गर्ने गरी वीरगन्ज भन्सार कार्यालयबाट मिति २०७१।१२।२७ मा भएको निर्णय र सो निर्णयलाई समर्थन गर्ने गरी भएको भन्सार विभाग, मूल्याङ्कन पुनरावलोकन समितिको मिति २०७३।६।१० को निर्णयलाई सदर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०७४।१२।१४ को फैसला कानूनसम्मत नदेखिँदा उल्टी भई पैठारीकर्ताले पेस गरेको कारोबार मूल्यभन्दा बढी मूल्य निर्धारण गरी सोको आधारमा बढी भन्सार महसुलसमेत कायम गरी लिएको बढी महसुल एवम् अन्य कर महसुल आदिसमेत फिर्ता हुने ।

इजलास अधिकृत - शम्भुप्रसाद रेग्मी
कम्प्युटर - चन्द्राबती तिमल्सेना
इति संवत् २०८१ साल जेठ १८ गते रोज ६ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०७५-RB-०७३९, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७४०, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७४१, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७४२, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७४३, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७४४, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७४५, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७४६, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७४७, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज

भन्सार कार्यालय पर्सा वीरगन्जसमेत

- ०७५-RB-०७४८, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७४९, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७५०, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७५१, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७५२, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७५३, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७५४, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७५५, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७५६, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७५७, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७५८, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७५९, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७६०, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७६१, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७६२, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७६३, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज

भन्सार कार्यालय पर्सा वीरगन्जसमेत

- ०७५-RB-०७६४, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७६५, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७६६, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७६७, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७६८, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७६९, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७७०, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७७१, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज

भन्सार कार्यालय पर्सा वीरगन्जसमेत

- ०७५-RB-०७७२, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७७३, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७७४, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७७५, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७७६, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७७७, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७७८, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज भन्सार कार्यालय पर्सा वीरगन्जसमेत
- ०७५-RB-०७७९, बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम, युनाइटेड डिष्ट्रिव्युटर्स नेपाल प्रा.लि. वि. वीरगन्ज

भन्सार कार्यालय पर्सा वीरगन्जसमेत

दररेटमा काम सम्पन्न गर्न सकिने अवस्था हो होइन ? तथा (Bill or Quantities का आधारमा समानुपातिक रूपमा विवरणहरू भरी पेस गरेको छ छैन ? भन्ने कुराहरूको बिश्लेषण गरी मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसरी मूल्याङ्कन गरेपछि काम गर्न सक्ने सबैभन्दा कम बोलअङ्क पेस गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्नुपर्ने हुन्छ । निवेदकले पेस गरेको Bill or Quantities मा फारामको Item no. ७ मा निर्माण सामाग्री फलामको डन्डी खरिद Tor Steel or TMT reinforcement bar of fe ४१५/५००। grade including straightening, cleaning,binding and fixing..) जम्मा खरिद गर्नुपर्ने १२०.१९ मेट्रिक टनको दर रेट पेस गर्दा मेट्रिक टनमा दर रेट पेस गर्नुपर्नेमा के.जी.को दर रेट उल्लेख गरी पेस गरेको र प्रतिमेट्रिक टनको रु.९७,०००।– हुनुपर्नेमा रु.९७।– मात्र भएको देखिँदा देखिँदै सोतर्फ मूल्याङ्कनकर्ताले कुनै ध्यान नदिई निवेदकको बोलपत्र स्वीकृत गरी आशयको सूचनासमेत प्रकाशन गरेको कार्य जुन उद्देश्यबाट आर्थिक मूल्याङ्कन हुने हो सोअनुरूप भए गरेको नदेखिने ।

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३६ (१) (क) मा प्राप्त सम्पूर्ण प्रस्ताव कार्यक्षेत्रगत सर्तहरू अनुसार सारभूतरूपमा प्रभावकारी नभएमा प्रस्ताव अस्वीकृत गर्ने र खरिद कारबाही रद्द गर्ने व्यवस्था गरिएको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा बोलपत्रको विशेष मूल्याङ्कनसम्बन्धी व्यवस्था गरेकोमा ऐ.को (१) (ख) मा बोलपत्रदाताले बिल अफ क्वान्टिटीमा संलग्न आइटमको लागि उल्लेख गरेको प्रतिएकाइ दर विश्वसनीय भए नभएको सम्बन्धमा विशेष मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । बौदिकाली गाउँपालिका, बोलपत्र मूल्याङ्कन समितिले सूचना अनुसार पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन गर्दा बोलपत्रको Bill or Quantities को Item हरूमा उल्लेख गरेको विवरणहरू सारभूत रूपमा प्रभावकारी रहेको छ छैन ? तथा सो भरेको विवरणहरू अनुसार नै कार्य गर्ने गराउने गरी सम्झौता भएमा निर्माण कम्पनीले तोकिएको गुणस्तर कायम गर्ने गरी कार्यसम्पादन गर्न सक्छ सक्दैन ? भन्ने कुराको समेत विश्लेषण गरी मूल्याङ्कन गर्नुपर्ने हुन्छ । निवेदक निर्माण कम्पनीले Bill or Quantities को Item no. ७ मा निर्माण सामग्री फलामको डन्डी जम्मा खरिद गर्नुपर्ने १२०.१९ मेट्रिक टनको दर रेट पेस गर्दा मेट्रिक टनमा दर रेट पेस गर्नुपर्नेमा के.जी.को दर रेट उल्लेख गरी पेस गरेको र प्रतिमेट्रिक टनको रु.९७,०००।– हुनुपर्नेमा रु.९७।- मात्र उल्लेख गरी बोलपत्र पेस गरेकोमा सो सम्बन्धमा भुलवस कमरेट उल्लेख हुन गएकोले मैले पेस गरेको बोलपत्रको आर्थिक मूल्याङ्कनमा समावेश नगरिपाउँ भनी निवेदकले मूल्याङ्कन समितिसमक्ष निवेदनसमेत पेस गरेको र सोको जानकारी प्रत्यर्थीलाई रहेको तथा प्रत्यर्थीमध्येका बौदीकाली गाउँपालिका गाउँकार्यपालिका कार्यालय डेढगाउँले च.नं.१६७ मिति २०७९।४।२५ मा निवेदकलाई जानकारी गराएको अवस्थामा निज निवेदकले पेस गरेको बोलपत्र सारभूत रुपमा प्रभावकारी भनी आशयको सूचना प्रकाशन गरी सम्झौताको लागि बोलाएको कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसारको रहे भएको नदेखिने ।

बौदीकाली गाउँकार्यपालिका तथा बोलपत्र मूल्याङ्कन समितिले बोलपत्र छनौट गर्ने गरेको निर्णय र सो निर्णयलाई आधार बनाई निकालेको आशयको सूचना निवेदकलाई सम्झौता गर्न बोलाउने कार्य तथा सम्झौता गर्न नआएको भनी बौदीकाली गाउँकार्यपालिका बोलपत्र मूल्याङ्कन समितिले कालो सूचीमा राख्ने गरी गरेको सिफारिसपत्र तथा

सो सिफारिसपत्रका आधारमा कालो सूचीमा राख्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७९।०४।१८ मा भएको कालोसूचीमा राख्ने निर्णय र मिति २०७९।०४।१९ को गोरखापत्रको सूचना र सोसँग सम्बन्धित विपक्षीहरूको काम कारबाही कानूनअनुकूल नभएको हुँदा उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई कालोसूचीमा नराख्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत - जनकसिंह बोहरा

कम्प्युटर - चन्द्राबती तिमल्सेना

इति संवत् २०८० साल असोज १६ गते रोज ३ शुभम्।

**४४**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री शारङ्गा सुवेदी**, *०७५-WO-०७७६, उत्प्रेषणयुक्त परमादेशसमेत, विमला रोकायासमेत वि. जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ गमगढी, मुगुसमेत*

नगरपालिकाले निवेदकहरूलाई हाजिर नगराउने गरी गरेको निर्णय उल्लिखित कानूनअनुकूल देखिँदैन । विपक्षी नगरपालिकालाई शिक्षासम्बन्धी कानून बनाई लागु गर्नसक्ने अधिकार रहे पनि सङ्घीय शिक्षा ऐन र नियमावलीको प्रतिकूल हुने गरी कानून बनाउन मिल्दैन । निवेदकहरूको सरुवा सङ्घीय शिक्षा ऐन र नियमावलीबमोजिम जिल्ला प्रशासन कार्यालय शिक्षा विकास तथा समन्वय इकाइ मुगुले गरेको छ । सो निर्णयको विपरीत हुने गरी निर्णय तथा कामकारबाही गर्ने अधिकार विपक्षी नगरपालिकालाई रहेको छैन ।

नेपालको संविधानको धारा १७, १८, २५ र २३ ले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने, समानताको हक, रोजगारीको हक र न्यायको हक प्रदान गरेको छ भने शिक्षा ऐन, २०२८ को दफा १६(ज) र शिक्षा नियमावली, २०५९ को नियम ९९ ले सरुवाको विधि प्रक्रिया निर्धारण गरेको छ । विपक्षी छायानाथ नगरपालिकाले नियमित प्रक्रिया पूरा गरी सहमति दिई जिल्ला प्रशासन कार्यालय शिक्षा विकास तथा समन्वय इकाइ मुगुले पनि सोही सहमतिको आधारमा सरुवा गरेकोमा त्यसपछि नगरपालिकाले सो सहमति र प्रक्रियासमेतको विपरीत हुने गरी हाजिरी नगराउने गरेको निर्णय मनोगत, स्वेच्छाचारी र कानूनविपरीत देखिन्छ । निवेदकहरूले नगरपालिकाको सहमति र शिक्षा विकास तथा समन्वय इकाइको निर्णयअनुसार सरुवा भई सम्बन्धित विद्यालयमा हाजिर भइसकेको अवस्थामा पुनः सोही छायानाथ रारा नगरपालिकाले निवेदकहरूलाई हाजिर नगराउने गरी गरेको निर्णय निवेदकहरूको रोजगारीको हक, सम्मानपूर्वक बाँच्न पाउने हक र न्यायको हकविपरीत देखिन्छ । उक्त हकको प्रचलनका लागि निवेदकले यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गतको रिट उपचार माग गरेको परिप्रेक्ष्यमा विपक्षी छायानाथ रारा नगरपालिकाको उल्लिखित कार्यबाट मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता देखिएको छ ।

निवेदकहरू विमला रोकाया, जगतबहादुर शाही र पदमबहादुर शाहीले छायानाथ रारा नगरपालिकाको शिक्षा नियमावली, २०७४ (पहिलो संशोधनसहित) बमोजिम सरुवा हुन सहमति लिई सोही सहमति अनुसार सम्पूर्ण प्रक्रिया पूरा गरी नगरपालिकाकै लिखित सहमति लिएपश्चात् जिल्ला प्रशासन कार्यालय शिक्षा विकास तथा समन्वय इकाइ, मुगुको निर्णयानुसार सरुवा भई सम्बन्धित विद्यालयमा हाजिरसमेत भइसकेको देखिएकोले सरुवासम्बन्धी थप प्रक्रिया पूरा गर्नुपर्ने अवस्था नहुँदा नगरपालिकाले दिएको सरुवा सहमति तथा शिक्षा इकाइको निर्णय

विपरीत हुने गरी निवेदकहरूको हाजिरीसमेत नगराउने गरी छायानाथ रारा नगरपालिकाको च.नं. ९८४, मिति २०७५।१०।०८ को पत्र, श्री नेपाल राष्ट्रिय मिन आधारभूत विद्यालय भारेकोट मुगुको च.नं. ९२ मिति २०७५।१०।११ को पत्र तथा छायानाथ रारा नगरपालिकाकै च.नं. ९६१, मिति २०७५।१०।०२ को पत्र कानूनविपरीत देखिएकाले उत्प्रेषणको आदेशद्वारा बदर हुने । नगरपालिकाको सहमतिमा शिक्षा विकास तथा समन्वय इकाईले गरेको सरूवासम्बन्धी निर्णय सोअनुसारको सरूवा तथा रवानापत्र कायम रहने देखिँदा निवेदकहरूलाई आफ्नो सरूवा भएको विद्यालयमा यथावत रूपमा हाजिर गराई कामकाज गर्नु दिनु, गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत - अमृता कुमारी शर्मा

कम्प्युटर - चन्द्राबती तिमल्सेना

इति संवत् २०८१ साल वैशाख १३ गते रोज ५ शुभम्।

- यसै लगाउको *०७५-MS-००१८, अदालतको अवहेलना, जगतबहादुर शाहीसमेत वि. हरिजंग शाही* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**४५**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री शारङ्गा सुवेदी**, *०७५-CR-००८२, ०७५-CR-०२६७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार, वि. आलमगिर साफी, आलम गिर साफी वि. नेपाल सरकार*

परिस्थितिजन्य प्रमाणबाट कसुर पुष्टि भएको हो कि भन्नलाई पनि फौजदारी कसुरमा परिस्थितिजन्य प्रमाणको विवेचना गर्नुपर्दा तथ्यका प्रत्येक कडी एक आपसमा आवद्ध र अन्योन्याश्रित भएको हुनुपर्ने र तथ्यको कुनै एक कडीको पनि अनुपस्थिति भएमा सो प्रमाण खण्डित भएको मान्नुपर्ने हुन्छ । यी प्रतिवादी आलम गिर साफीउपरको कसुरमाथि विवेचना गरिएबमोजिम परिस्थितिजन्य प्रमाणबाट समेत मालाकार कडीका रूपमा रही आरोपित कसुरको पुष्टि हुन सकेको भन्ने पनि देखिएन। प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा आफ्नो कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिएको सन्दर्भमा प्रस्तुत प्रकरण र माथि विवेचित प्रकरणबमोजिम प्रतिवादी आलम गिर साफीउपरको वैदेशिक रोजगारमा पठाउनका लागि जाहेरवालाबाट रकम लिएको भन्ने कसुर अन्य कागज प्रमाणबाट शङ्कारहित तवरले पुष्टि गराउन सकेको नदेखिएकोले पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब रहेको भन्ने देखिएन। प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर, नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताबाट प्रस्तुत भएको बहस र यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएका आधार र कारणहरूसँग सहमत हुन नसकिने।

प्रतिवादी आलमगिर साफीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर अपराध गरेकोले सोही ऐनको दफा ४३ बमोजिम निज प्रतिवादीलाई सजाय गर्ने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको मिति २०७३।०७।०८ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहरी निज पुनरावेदक प्रतिवादी आलमगिर साफीले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत - इन्द्रकुमार योङहाङ

कम्प्युटर- चन्द्रावती तिमल्सेना

इति संवत् २०८१ असार ४ गते रोज ३ शुभम्।

**४६**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री शारङ्गा सुवेदी**, *०७५-CR-११५६, ०७५-CR-११५७,*

*जबरजस्ती करणी कर्तव्य ज्यान, नेपाल सरकार वि. भरतराम लुहार, नेपाल सरकार वि. मनोजराम दयाल*

प्रतिवादीहरू भरतराम लुहार र मनोजराम दयाललाई अभियोग माग दाबीबमोजिम सामूहिक बलात्कार गरी हत्या गरेको ठहर गर्नुपर्नेमा प्रतिवादीमध्येको भरतराम लुहारलेसम्म जबरजस्ती करणी गरेको र प्रतिवादी मनोजराम दयालसमेत भई हत्या गरेकोसम्म ठहराएको बैतडी जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दाबी अनुसार जनही मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद, मुलुकी ऐन जबरजस्ती करणी महलको ३ नं. को देहाय ३ नं. अनुसार जनही ८(आठ) वर्ष कैद एवं सोही महलको ३(क) बमोजिम जनही थप ५ वर्ष कैद सजायसमेत हुने र जाहेरवाला कृष्णराम पार्कीले प्रतिवादीहरूबाट जनही रू.२५,०००/- (पच्चिस हजार) क्षतिपूर्ति भराइपाउने ठहर भई उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।३।२६ मा भएको फैसला प्रतिवादी मनोजराम दयालको हकमा उल्टी भई अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी भरतराम लुहारको हकमा कर्तव्य ज्यानमा सजाय गरेको हदसम्म केही उल्टी हुने र जबरजस्ती करणीतर्फ मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. को कसुरमा ऐ. ३(३) बमोजिम कसुरदारको मृतकसँगको सम्बन्ध र घटनाको अवस्थालाई समेत विचार गर्दा ६ (छ) वर्ष कैद गरे पनि सजायको मकसद पूरा हुने देखिँदा ६ वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत - इन्द्रकुमार योङहाङ

इति संवत् २०८१ साल असार ४ गते रोज ३ शुभम् ।

**४७**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री अब्दुल अजीज मुसलमान**, *०७२-CR-१०८९, बहुविवाह, नेपाल सरकार वि. विष्णुप्रसाद सुवेदीसमेत*

प्रतिवादी बिष्णुप्रसाद सुवेदी विरुद्ध निजकी जेठी श्रीमती इन्दिरा सुवेदीले कास्की जिल्ला अदालतमा सम्बन्ध विच्छेदको मुद्दा दायर गरी सो मुद्दामा जाहेरवाला र प्रतिवादी बिष्णुप्रसाद सुवेदीबिच पति पत्नीको सम्बन्ध विच्छेद हुने गरी मिति २०७०।३।१४ मा मिलापत्र भएको देखिन्छ। प्रतिवादी बिष्णुप्रसाद सुवेदीले अदालतमा बयान गर्दा आफ्नो जेठी श्रीमती हेपाटाइटिस 'वि' को दीर्घ रोगी भएकोले निजले नै मलाई दोस्रो विवाह गर्ने अनुमति दिएको हुँदा सहमति अनुसार नै मैले दोस्रो विवाह गरेको हुँ भनी बयान गरेको र जाहेरवाला इन्दिरा सुवेदी हेपाटाइटिस वि को दीर्घ रोगी हुन् भन्ने तथ्य मिसिल संलग्न विभिन्न अस्पतालहरूका prescription हरूबाट समेत देखिन्छ।

जाहेरवाला इन्दिरा सुवेदीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी बिष्णुप्रसाद सुवेदीसमेत भएको प्रस्तुत बहुविवाह मुद्दा विचाराधीन रहेकै अवस्थामा जाहेरवाला र प्रतिवादी बिष्णुप्रसाद सुवेदीबिच पति पत्नीको सम्बन्ध विच्छेद हुने गरी मिति २०७०।३।१४ मा मिलापत्र भएको मिसिल बेहोरामा देखिन्छ । पति पत्नीको सम्बन्ध विच्छेद हुने गरी अदालतबाट मिलापत्र भएपश्चात् प्रतिवादी बिष्णुप्रसाद सुवेदी र जाहेरवाला इन्दिरा सुवेदी पति पत्नीको रूपमा कायम नरहेको तथा लोग्ने स्वास्नीबिच अंशबन्डासमेत भइसकेको अवस्थामा प्रतिवादीहरूले मुलुकी ऐन, बिहाबारीको ९ र १० नं. विपरीत कसुर अपराध गरी बहुविवाह गरेकोले प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी दाबी पुग्न सक्दैन भनी सुरू कास्की जिल्ला अदालतबाट मिति २०७१।०६।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत पोखराबाट भएको फैसलालाई अन्यथा भन्न सकिने

अवस्था नदेखिँदा वादी दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहससँग सहमत हुन नसकिने ।

अभियोग दाबीबाट प्रतिवादीहरूलाई सफाइ दिने गरी सुरू कास्की जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पोखराबाट मिति २०७२।०४।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - जनक सिंह बोहरा

कम्प्युटर - सरस्वती दाहाल

इति संवत् २०८१ वैशाख २ गते रोज १ शुभम् ।

### ४८

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री महेश शर्मा पौडेल**, *०८१-WH-००५४, बन्दीप्रत्यक्षीकरण, दक्षिण कोरियन नागरिक Mijin Lee (M८ ४३००१८४ Travel Certificate No. NP ७२४०००१) वि. अध्यागमन विभाग, कालिकास्थान, काठमाडौंसमेत*

निवेदिकालाई भिसा दस्तुर असुल गरी जरिवानासमेत गर्ने गरी अध्यागमन विभागका महानिर्देशकले मिति २०७९।०१।१९ मा निर्णय गर्दा निवेदिकालाई कुनै प्रकारको सुनुवाइको मौका प्रदान गरिएको तथा निवेदिकाको मानसिक स्वास्थ्यका सम्बन्धमा विचार पुर्‍याएको देखिएन । व्यक्तिको हकहितप्रतिकूल निर्णय गर्नुपूर्व सुनुवाइको मौका प्रदान गर्नु प्राकृतिक न्यायको सिद्धान्त अनुसार आवश्यक हुन्छ। विवादित निर्णय प्राकृतिक न्यायको सिद्धान्त तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १४ प्रतिकूल देखिँदा उक्त मिति २०७९।०१।१९ को निर्णय तथा सोबमोजिम दिइएको कैदी पुर्जी उत्प्रेषणको आदेशले बदर गरिएको छ। अब निवेदिकालाई सुनुवाइको उचित अवसर प्रदान गरी, निजको कुनै जिकिर भए सोसमेतको मूल्याङ्कन र विवेचना गरी यस अदालतबाट ०८०-WF-००४६ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा मिति २०८१।०१।०६ मा भएको पूर्ण इजलासको आदेशको मर्म र भावनालाई दृष्टिगत गरी निवेदिकाको मानसिक स्वास्थ्यसमेतका सम्वन्धमा अरू थप कुनै कुरा बुझ्नपर्ने भए सोसमेत बुझी निज निवेदिकाको सम्बन्धमा कानूनबमोजिम पुनः निर्णय गर्नु भनी प्रत्यर्थीका नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत - रूद्रप्रसाद अर्याल र सरिता रिजाल

कम्प्युटर - चन्द्राबती तिमल्सेना

इति संवत् २०८१ असोज ८ गते रोज ३ शुभम् ।

### ४९

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री महेश शर्मा पौडेल**, *०७७-CR-११६९, भ्रष्टाचार (रकम हिनामिना), नेपाल सरकार वि. मणिकुमार श्रेष्ठ*

प्रतिवादी मणिकुमार श्रेष्ठलाई बिगो रु.१,१६,६९,२८८।४३ बराबरको सरकारी सम्पत्ति हुलाक टिकटलगायतका हुलाक वस्तुहरू बदनियतपूर्वक हिनामिना गरी हानि नोक्सानी गरी आफूलाई फाइदा र नेपाल सरकारलाई हानि पुर्‍याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ र ८(३) बमोजिमको कसुरमा निजलाई ३ (तीन) महिना कैद र बिगोबमोजिम रु.१,१६,६९,२८८।४३ जरिवाना र बिगो रु. १,१६,६९,२८८।४३ असुलउपर हुने गरी र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा दफा ३(१) र ३(१) (झ) बमोजिम सजाय गरिपाउँ भन्ने हदसम्मको नेपाल सरकारको आरोप दाबी पुग्न नसक्ने ठहर भई मिति २०७७।०८।२२ मा विशेष अदालत काठमाडौंबाट भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : भरतकुमार दहाल

इति संवत् २०८१ असार ३१ रोज २ शुभम् ।

५०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री महेश शर्मा पौडेल**, *०७७-CR-०१०३, किर्ते कागजातको आधारमा सवारी दर्ता गरी सरकारी राजस्व चुहावट गरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. हेमन्तबहादुर सिंहसमेत*

प्रतिवादीहरूमध्ये हेमन्तबहादुर सिंह, दीपक थापा, नरेन्द्रराज जोशी, महादेव भट्ट, तारादत्त भट्ट, केशवदत्त वड्डु र श्यामकृष्ण ओझाले अनुसन्धान तथा अदालतमा बयान गर्दा, म.१.च. ५०९, ५१०, ५१४, ५२३ र ५२४ समेतका सवारी साधनहरू दर्ता गर्नलाई पेस भएका कागजातहरू यातायात व्यवस्था कार्यालय महाकालीको हो । जुन लिलामी प्रक्रियाबाट आएको र ती कागजातहरू नक्कली भन्ने तत्काल आफूहरूलाई थाहा नभएकोले सक्कली कागजात भनी दर्ता गरिएको हो । प्रतिवादी गोकुलप्रसाद श्रेष्ठले किर्ते कागज बनाई यातायात व्यवस्था कार्यालय धौलागिरीमा पेस भएपछि मात्र नक्कली थाहा भएको हो । नक्कली भन्ने थाहा भएपछि दर्ता भएका गाडी तत्काल पक्राउ गरी प्रहरीलाई जानकारी गराइएको हो । सम्पूर्ण कागजातहरू गोकुलप्रसाद श्रेष्ठले नै लिएर आएका थिए । दर्ता गर्ने क्रममा लिलाम गर्ने कार्यालयहरूलाई यकिन गर्न पत्र लेखेको र उक्त पत्र सम्बन्धित सेवाग्राहीमार्फत नै पठाउने गरिएको थियो । पेस भएको कागजात दुरूस्तै सक्कल थियो । आफूहरूको बदनियत नरहेको र मिलेमतोमा आफूहरूले राजस्व छली गरेको छैन भनी कसुरमा इन्कार रही बयान गरेको देखिने ।

प्रतिवादीहरूउपरसमेत सरकारी छाप दस्तखत किर्ते मुद्दा कञ्चनपुर जिल्ला अदालतमा दायर भई प्रतिवादीहरू दीपक थापा, श्यामकृष्ण ओझा, तारादत्त भट्ट, हेमन्तबहादुर सिंह, नरेन्द्रराज जोशी, केशवदत्त वड्डु, महादेव भट्टउपर किर्ते गरेको भन्ने अभियोग दाबी पुग्न नसकी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने गरी मिति २०७५।७।१४ मा फैसला भएको देखियो । उक्त फैसला उच्च अदालत दिपायलबाट सदर ठहरी मिति २०७६।२।८ मा फैसलासमेत भएको अवस्था छ । यी प्रतिवादीहरूले नै मिलेर मुद्दाको कारबाही प्रक्रिया चलाएको, अनुसन्धानको क्रममा विवरणहरू उपलब्ध गराएर अनुसन्धानमा सहयोग पुऱ्याएको देखिन्छ । साथै किर्ते कागजातको आधारमा दर्ता भएका उक्त सवारी साधनहरू दर्ता खारेजसमेत गराएको देखिँदा नक्कली किर्ते कागजातहरू तयार गरी सवारी साधन दर्ता गराई राजस्व छली गरी हिनामिना गरेको भन्ने तथ्य पुष्टि नहुने ।

गोकुलप्रसाद श्रेष्ठले बिगो रू.४७,४०,६९५।०५ र अर्का प्रतिवादी दिनेश बमले बिगो रू.१,२३,६१५।– राजस्व छली गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा ऐ. दफा ८(४) अनुसार प्रतिवादी गोकुलप्रसाद श्रेष्ठलाई २(दुई) वर्ष कैद र अर्का प्रतिवादी दिनेश बमलाई ६(छ) महिना कैद सजाय हुने र अन्य प्रतिवादीहरूमध्ये हेमन्तबहादुर सिंह, दिपक थापा, नरेन्द्र राज जोशी, महादेव भट्ट, तारादत्त भट्ट, केशवदत्त बड्डु र श्यामकृष्ण ओझाले आरोपत्रको दाबीबाट सफाइ पाउने र सवारी दर्ता गर्ने क्रममा प्रतिवादी गोकुलप्रसाद श्रेष्ठ र दिनेश बमले पेस गरेको भन्सार लिलामीलगायतका कागजातहरूको सत्यता यकिन गर्न सम्बन्धित निकायसमेतलाई बुझ्नुपर्नेमा त्यसतर्फ ध्यान नदिई चरम लापरबाही गरी आफ्नो पदीय दायित्व, कर्तव्य र जिम्मेवारी वहन गरेको देखिन नआएकोले निजहरूलाई निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० बमोजिम विभागीय कारबाहीका

लागि सम्बन्धित निकायमा लेखी पठाउने गरी र करन भण्डारीले आरोपपत्रको दाबीको कसुरबाट सफाइ पाउने ठहर गरी विशेष अदालत काठमाडौंबाट मिति २०७६।१०।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : भरतकुमार दहाल

कम्प्युटर - चन्द्राबती तिमल्सेना

इति संवत् २०८१ असार ३१ रोज २ शुभम् ।

## ५१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०७२-CI-१६६७, गैरकानूनी मोही लगत कट्टा, हरिनाथ साह कलवार वि. सुरेन्द्र मिश्रसमेत*

विवादित कि.नं. ३६ को ०-०-१७ जग्गा प्रत्यर्थीले लिलाम सकार गरी आफ्नो नाममा दर्ता गरेको तथ्यमा विवाद रहेको पाइएन। मिसिल सामेल रहेको फिल्डबुक उतार हेर्दा, उक्त जग्गा मिति २०२२।१०।६ मा नापी भएको, घरबारीको जग्गा भएको जनिएको तथा सो कि.नं. ३६ को जग्गा मेरो भाइ रामचन्द्रको नामको नम्बरी हो भनी प्रतिवादीका बाबु ठग साह कलवारले बेहोरा लेखाइदिएको पाइन्छ। उक्त फिल्डबुकबाट सो जग्गा घरबारी जग्गा रहेको र जग्गाधनी भाइ नाताका रामचन्द्र साह कलवार र मोही दाइ नाताका ठग साह कलवार देखिन आयो। घरबारीको जग्गा तथा एकासगोल नाताका व्यक्ति जग्गाधनी र मोही भएको जग्गामा मोही कायम हुन नसक्ने कानूनी व्यवस्था रहेको पाइन्छ। भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(५)(क) मा घरबारीको जग्गा कमाउने व्यक्तिलाई मोही हक प्राप्त हुने छैन भन्ने प्रावधान रहेको छ। यसैगरी सोही ऐनको दफा २(ख) मा "मोही" भन्नाले अरू जग्गावालाको जग्गा कुनै सर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने किसान सम्झनुपर्छ भन्ने तथा सो ऐनको दफा २५ को उपदफा (१) मा यो दफा प्रारम्भ भएको मितिसम्म कुनै जग्गावालाको जग्गा मोहीको हैसियतले कमाइआएको व्यक्तिलाई सो जग्गामा यस परिच्छेदबमोजिमको मोहीको हक प्राप्त हुने छ भनी र उपदफा (२) मा उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ भएपछि दफा २६ को उपदफा (१) बमोजिम मोहियानी हक प्राप्त हुनेमा बाहेक कसैले कुनै जग्गावालाको जग्गा कुनै सर्तमा कमाएबापत त्यस्तो व्यक्तिलाई सो जग्गामा मोहियानी हक प्राप्त हुने छैन भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उपर्युक्त कानूनी व्यवस्थाबमोजिम अरू जग्गावालाको जग्गा कुनै सर्तसहित कमाउने किसान मात्र मोही हुन सक्ने र मोहियानी हक प्राप्त गर्नका लागि एकासगोलको व्यक्तिबाहेक अरू व्यक्तिको जग्गा कमाउनुपर्ने स्पष्ट व्यवस्था देखिन्छ। एकासगोलका अंशियारका नाममा रहेको जग्गा कमाउने व्यक्तिलाई मोही हकको अधिकारबाट कानूनले नै बर्जित गरेको अवस्था छ। यी पुनरावेदकका पिता ठग साह र रामचन्द्र साह कलवार दाजुभाइ नाताको भन्ने निजहरूको पुस्तेवारीबाट खुल्न आएको देखिन्छ। निज ठग साहले भाइ रामचन्द्र साहलाई साक्षी राखी कि.नं. ७६५ को जग्गा उल्लेख गरी रू.२,०००।- नगद लिई अरू सम्पत्तिमा अंशदाबी छाडेर मिति २०२३।११।१६ मा र.नं. १४९८/१३४३ बाट अंश छोडपत्रको कागज गरिदिएको देखिने।

पुनरावेदकले जग्गाधनी र मोहीबिच अंशबन्डा भई भिन्न रहेबसेको भने तापनि कि.नं. ३६ को जग्गा २०२२ सालमा नापी हुँदाको समयमा पुनरावेदकका पिता ठग साह र रामचन्द्र साह एकासगोलमै रहेको देखिन्छ र जग्गा नापी भएपछि २०२३ सालमा मात्र निज ठग साहले अंश छोडपत्र गरी अलग बसेको भन्ने उक्त अंश छोडपत्रको लिखतबाट देखिन आउछ।

घरबारीको जग्गामा मोही हक कायम नहुने सम्बन्धमा यस अदालतबाट एकासगोलका व्यक्तिहरू एउटै जग्गाको धनी र मोही हुन नसक्ने भनी ने.का.प. २०७० अङ्क ६ पृष्ठ ८०६ नि.नं. ९०२४ मा सिद्धान्त प्रतिपादन भएको पाइन्छ । उक्त कानूनी सिद्धान्तका आधारमा पनि विवादित कि.नं. ३६ को जग्गामा यी पुनरावेदकका पिता ठग साहको मोही हक कायम हुने अवस्था नदेखिने ।

विवादित कि.नं. ३६ को जग्गा घरबारी जग्गा रहेको, जग्गाधनी र मोही एकासगोलका दाजुभाइ नाताका व्यक्ति रहेको, २०२३ सालमा निजहरूबिच अंश छोडपत्र भए पनि २०२२ सालमा जग्गा नापी हुँदाबखत निज ठग साह र रामचन्द्र साह एकासगोलमा रहेका अंशियारसमेत रहेभएको देखिँदा मोही लगतकट्टा नगरी यथावत् मोही लगत कायम गरिपाउँ भन्ने पुनरावेदक/प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

सुरू भूमिसुधार कार्यालय, पर्साले मोही हक यथावत् कायम हुने गरी गरेको निर्णयलाई बदर गरी दाबीबमोजिम कि.नं. ३६ को जग्गामा ठग साह कलवारको मोही लगत कट्टा हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७२।७।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : नवराज कार्की

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०८१ साल जेठ २९ गते रोज ३ शुभम् ।

५२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुनिलकुमार पोखरेल**, *०७५-WO-०७९३, उत्प्रेषणयुक्त परमादेशसमेत, रामकुमार श्रेष्ठ वि. उच्च अदालत, पोखरासमेत*

निवेदकले आफ्नो र श्रीमतीको नाममा रहेका जग्गाहरू देखाई निवेदन दिएकोमा जेथाको प्रक्रिया अगाडि नबढाई उक्त जेथा नै अस्वीकार गरेको देखिन्छ। उक्त जेथा नपुग भएमा मात्र बिगोबापत कैदमा राख्न मिल्ने हो । निवेदक/प्रतिवादीलाई बिगोबापत कैदमा नै राखिपाउँ भनी विपक्षी/वादीको जिकिर रहेको अवस्था देखिन्छ । वादीले सुरूमा फैसला कार्यान्वयनको क्रममा प्रतिवादीको नाउँमा कुनै जायजेथा फेला नपारेकोले बिगोबापत कैदमा राखिपाउँ भनी दरखास्त गरेको पाइन्छ भने त्यसपछि यी निवेदकले आफू र आफ्नो श्रीमतीको नाममा रहेका जग्गाहरू देखाई बिगो असुल गर्नु भनी निवेदन दिएकोमा कमसल जग्गा तत्कालै लिखत पारित गरी फैसला कार्यान्वयनमा अवरोध गर्ने मनसायले निवेदन गरेकोले वादी मन्जुर नभएको हुँदा वादीले राखेको सिधा खर्च खान पाउने गरी १ वर्ष बिगोबापत कैदमा राख्नु भनी आदेश भएको पाइयो । जायजात गरी नपुग बिगोको हकमा मात्र कैदमा राख्न सकिने देखिन्छ । तथापि निवेदकले बिगोबापत देखाएका जग्गाहरू रू.१९,५०,०००।- मा खरिद गरेको भनी निवेदनमा उल्लेख भएको देखिँदा वादीको रू.१९,५०,०००।- सम्मको बिगो असुल हुन सक्ने अवस्था देखिन्छ र यसरी रू.१९,५०,०००।- सम्मको बिगो असुल हुने सम्भावना हुँदाहुदै जायजाततर्फ प्रक्रिया अगाडि नबढाई कैदबापत सिधा रकम जम्मा गर्न लगाई यी निवेदकलाई कैदमा पठाउने गरी आदेश भएको देखिने ।

प्रतिवादीको नाममा जायजेथा रहेभएको भन्ने जानकारी प्राप्त हुन आएको अवस्थामा समेत जेथाबाट वादीको बिगो भराउनका लागि प्रक्रिया अपनाउनुपर्नेमा निवेदनमा देखाइएको सम्पत्तिको जायजात प्रक्रिया नै नगरी निवेदकले देखाएको जेथालाई अस्वीकार गरी तत्कालीन मुलुकी ऐन, दण्ड सजायको महलको ४२ नं. को व्यवस्थाविपरीत हुने गरी लेनदेन व्यवहारको

महलको १९ नं. बमोजिम सुरू कास्की जिल्ला अदालतबाट मिति २०७५।७।१६ मा प्रतिवादीलाई बिगोबापत कैदमा राख्न पठाउने गरी भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७५।११।२ मा भएको आदेश कानूनसम्मत भएको नदेखिने।

सुरू कास्की जिल्ला अदालतबाट मिति २०७५।७।१६ मा भएको आदेशलाई सदर गर्ने गरी उच्च अदालत पोखराबाट मिति २०७५।११।२ मा भएको आदेश उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदक/प्रतिवादीले मिति २०७५।२।१३ को निवेदनमा उल्लेख गरेका जग्गाहरूबाट फैसलाबमोजिमको बिगो भरिभराउ गरी फैसला कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत - नवराज कार्की

कम्प्युटर - चन्द्राबती तिमल्सेना

इति संवत् २०८१ साल वैशाख ३ गते रोज २ शुभम्।

**५३**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुनिलकुमार पोखरेल**, *०७२-CI-१७९२, हालसाबिक नामसारी दा.खा. निर्णय लिखत दर्ता बदर दर्तासमेत, रविन्द्र सिंह भूमिहार वि. सरिता सिंहसमेत*

प्रत्यर्थी वादीहरूले मुलुकी ऐन, जग्गा पजनीको १७ नं. को हदम्यादको व्यवस्थालाई आधार लिई फिराद दाबी गरेको देखिन्छ । उक्त १७ नं. मा तालुकदारले खापी खाएकोमा नालिस गर्ने हदम्याद हुँदैन । जहिलेसुकै पनि लाग्छ । एकाको हकको जग्गा अर्कोले दर्ता गराएकोमा थाहा पाएको मितिले ६ महिनाभित्र नालिस दिनुपर्छ । सोबाहेक अरू कुरामा भए गरेको मितिले २ वर्षभित्र नालिस दिनुपर्छ भन्ने व्यवस्था रहेको पाइन्छ। तत्कालीन पुनरावेदन अदालत हेटौंडाले हदम्यादको अभावमा फिराद खारेज हुने भनी गरेको सुरू फैसला बदर गर्दा जग्गा पजनीको १७ नं. को हदम्यादभित्र फिराद परेको भनी उल्लेख गरेको देखिन्छ । हाल साबिक दा.खा. निर्णय बदरको दाबी लिई पुनरावेदक वादीले सुरूमा दायर गरेको फिरादपत्र हदम्यादभित्र परेको हो भनी बोलिसकेपछि सो तथ्यमा प्रवेश गरी प्रमाण बुझ्न बाँकी भए सबुद प्रमाण जे जो बुझ्नुपर्ने हो सो बुझी हाल साबिक नामसारी दा.खा. निर्णय दर्ता बदर हुने नहुने के हो, यकिन गरी सो सम्बन्धमा निर्णय गर्नुपर्नेमा सो निर्णय नगरी पुनः निर्णयका लागि सुरू पर्सा जिल्ला अदालतमा पठाउने ठहर गरी तत्कालीन पुनरावेदन अदालत हेटौडाबाट भएको फैसला मनासिब देखिन आएन। न्याय प्रशासन ऐन,२०७३ को दफा १४(घ) मा मातहतका अदालत निकाय वा अधिकारीले मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नमध्ये केहीमा निर्णय गरी र केहीमा निर्णय नगरी फैसला गरेको रहेछ भने मनासिब समय तोकी बाँकी प्रश्नको समेत निर्णय गरी मुद्दा किनारा गर्नु भनी मिसिल सम्बन्धित अदालत, निकाय वा अधिकारीसमक्ष पठाउने भन्ने व्यवस्था रहेको पाइने।

पुनः इन्साफको लागि सुरू पर्सा जिल्ला अदालतमा पठाउने गरी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।८।१६ मा भएको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ। अब जो जे बुझ्नुपर्छ बुझी पुनः इन्साफ गर्नु भनी न्याय प्रशासन ऐन, २०७३ को दफा १४(घ) बमोजिम उच्च अदालत जनकपुर, वीरगन्ज इजलासमा पठाइदिने।

इजलास अधिकृत : नवराज कार्की

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०८१ जेठ २९ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार

फैसला भएको भएको छ :

- ०७२-CR-१८६५, ०७२-CR-१८६६, जालसाजी, कुन्ती सिन्हा वि. सरिता सिंहसमेत, विमला सिंह वि. सरिता सिंहसमेत
- ०७२-CI-१७९०, ०७२-CI-१७९१, लिखत बदर दर्ता बदर दर्ता, बिमला सिंह वि. सरिता सिंहसमेत, वृजकिशोर चौवेसमेत वि. सरिता सिंहसमेत
- ०७२-CI-१७८८, ०७२-CI-१७८९, लिखत बदर दर्ता बदर दर्ता, बिमला सिंह वि. सरिता सिंहसमेत, कुन्ती सिन्हा वि. सरिता सिंहसमेत
- ०७२-CR-१८६७, ०७२-CR-१८६८, जालसाजी, विमला सिंह वि. सरिता सिंहसमेत, वृजकिशोर चौवेसमेत वि. सरिता सिंहसमेत

५४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बालकृष्ण ढकाल,** *०७९-MS-००३९, अदालतको अवहेलना, रविन्द्र पुरीसमेत वि. सुनिल प्रजापति, नगर प्रमुख, भक्तपुर नगरपालिका, व्यासी भक्तपुरसमेत*

रिट निवेदकहरूले दाबी गरेजस्तो विपक्षीहरूले अदालतको आदेशको उल्लङ्घन हुने गरी कार्य गरेको पाइँदैन । तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकाअन्तर्गतका हरितक्षेत्र, उद्यान र मनोरन्जनस्थलको विकास गर्ने, वातावरण संरक्षण गर्ने, मसानघाटको निर्धारण र व्यवस्थापन गर्ने, स्थानीय स्तरका परम्परा, जात्रा, पर्वको व्यवस्थापनजस्ता कार्य नगरपालिकाले गर्ने भनी कानूनी दायित्व निर्वाह गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ । साथै यस अदालतबाट भएको मिति २०७४।१२।२५ मा भएको निर्देशनात्मक आदेशले पनि वातावरण स्वच्छ राख्ने, समुदायको कुल परम्पराअनुसारका धार्मिक कार्यहरू व्यवस्थित गर्ने, आवश्यकतानुसार पर्खाल, छेकबार लगाउनेजस्ता कार्य गर्नलाई विपक्षीहरूलाई मार्ग प्रशस्त गरेको छ । सोही प्रावधानहरूलाई केन्द्रबिन्दुमा राखी भक्तपुर नगरपालिकाले योजनासहितको नक्सा तयार गरी सार्वजनिक शौचालय, प्रतिक्षालय, पार्क तथा खेलमैदानको निर्माण कार्यबाट निर्देशनात्मक आदेशको उल्लङ्घन हुने अवस्था देखिँदैन । यिनै निवेदक र विपक्षीहरू भएको लगाउको उत्प्रेषणयुक्त परमादेशसमेतको रिट निवेदनमा रिट खारेज हुने गरी आजै यसै इजलासबाट आदेश भएको छ । यसरी यस अदालतको निर्देशनात्मक आदेश एवम् प्रचलित ऐन अनुसार नै उक्त कार्यहरू गरेको हुँदा विपक्षीहरूबाट अदालतको अवहेलना हुने कार्य गरेको नदेखिने ।

विपक्षीहरूबाट अदालतको आदेशको अवहेलना हुने कार्य गरेको भन्ने मिसिल संलग्न कागजातबाट नदेखिएको, रिट निवेदकहरूले उठान गरेजस्तो यस अदालतबाट मिति २०७४।१२।२५ मा भएको निर्देशनात्मक आदेशको पालना नगरी आदेशको अवज्ञा भयो भनी अवहेलनामा कारबाही गर्ने तथ्यगत विषयसमेत मिसिलबाट देखिएको अवस्था नरहेकोले अदालतको अवहेलना भयो भनी विपक्षीहरूको नाममा कुनै आदेश जारी गर्नु कानूनसम्मत देखिन आएन । विपक्षीहरूबाट यस अदालतबाट मिति २०७४।१२।२५ मा भएको निर्देशनात्मक आदेशको उल्लङ्घन नगरेको र अदालतको आदेशको सधैँ सम्मान र पालना गर्ने गरेको भनी विपक्षीहरूले लिखितजवाफमा उल्लेख गरेको देखिँदा उक्त निर्देशनात्मक आदेशको अवहेलना भयो भन्ने अवस्थाको विद्यमानता देखिन नआएकोले प्रस्तुत निवेदन मागबमोजिम विपक्षीहरूलाई अदालतको अवहेलनामा सजाय गर्नुपर्नेसम्मको अवस्था नदेखिँदा

विपक्षीहरूलाई अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदन दाबी पुग्न सक्दैन । तसर्थ, प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत - नवराज कार्की

कम्प्युटर - चन्द्राबती तिमल्सेना

इति संवत् २०८१ साल जेठ २२ गते रोज ३ शुभम् ।

**५५**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बालकृष्ण ढकाल**, *०७८-WO-१५९९, उत्प्रेषणसमेत, न्यू सताकृ नमुना कन्स्ट्रक्सन जे.भि. वि. नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, काठमाडौंसमेत*

निवेदक र नेपाल विद्युत् प्राधिकरणसमेतका विपक्षीहरूका बिच भएको सम्झौताबमोजिमका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा विवाद समाधानका लागि मध्यस्थताको वैकल्पिक उपचाको व्यवस्था रहेकोसमेत देखिने ।

वैकल्पिक उपचारको बाटो रहेभएकोबाट रिट क्षेत्राधिकारबाट निर्णय गर्न मिल्ने देखिएन । प्रस्तु रिट निवेदनबाट जमानत जफत गर्ने भनी मिति २०७९।३।१३ मा विपक्षी प्रभु बैंकलाई प्रेषित पत्रको वैधताको विषयवस्तुसमेत मध्यस्थको माध्यमबाट नै समाधान हुने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - देवीबहादुर प्रधान

कम्प्युटर - सरिता दाहाल

इति संवत् २०८० साल फागुन २७ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७८-WO-१६००, उत्प्रेषण, न्यू सताकृ नमुना कन्स्ट्रक्सन जे.भि. वि. नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, काठमाडौंसमेत
- ०७८-WO-१६०१, उत्प्रेषण, न्यू सताकृ खिम्ती कन्स्ट्रक्सन प्रा.लि. वि. नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, काठमाडौंसमेत
- ०७९-WO-०००९, उत्प्रेषण, न्यू सताकृ खिम्ती कन्स्ट्रक्सन प्रा.लि. वि. नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, काठमाडौंसमेत

## इजलास नं. ११

**५६**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-WO-०४४२, उत्प्रेषणसमेत, सुर्खेतमा कार्यरत टा.ना.सु. टेकबहादुर शाही वि. श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत*

निवेदकलाई निजामती सेवा नियमावली, २०५० को नियम ८८(३) को व्यवस्था र सोअन्तर्गत जारी गरिएको सूचना तथा त्यसपछि बढुवा फाइल दर्ता नगरी दरपिठ गरिएकोसमेतको सबै काम कारबाही बदर गर्दै बढुवाको लागि उल्लेख भए अनुसारको बढुवामा रिट निवेदक समावेश हुन पाउने गरी मेरो हकमा उपर्युक्त व्यवस्था गराइपाउन माग दाबी रहेकोमा निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (२) ले टाइपिस्टले सम्बन्धित सेवाको अप्राविधिकतर्फ पनि उम्मेदवार हुन पाउने व्यवस्था गरेकोमा उपनियम (३) ले "कम्तीमा १ महिनाको तालिम लिएको र बढुवा हुने पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने छ" भनी बढुवा हुने पदको लागि आवश्यकपर्ने न्यूनतम शैक्षिक योग्यता हुनुपर्ने वाध्यात्मक व्यवस्था गरेको छ । टाइपिस्टको बढुवासम्बन्धी उक्त विशेष व्यवस्था कम्प्युटर अपरेटरका हकमा समेत लागु हुने भनी उपनियम (६) ले उल्लेख गरेबाट नेपाल प्रशासन सेवाको रा.प. तृतीय श्रेणीको शाखा अधिकृत पदमा बढुवा हुन कम्प्युटर अपरेटरले पनि कम्तीमा स्नातक

उत्तीर्ण गरेको हुनुपर्ने विशेष व्यवस्था उक्त उपनियमले गरेको देखिँदा निवेदकको दरखास्त दरपिठ गरिएको हो । यसबाट निवेदकको कानूनबमोजिमको हक अधिकारमा कुनै भेदभाव नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षीहरूको लिखित जवाफ रहेकोमा यी रिट निवेदकलाई लोक सेवा आयोगको सूचना नं. २३९/ ०७२-०७३ शाखा अधिकृत वा सोसरह पदको बढुवा सूचनाको बुँदा नं. (घ) बमोजिम तथा निजामती सेवा नियमावली, २०५० को नियम ८८(३) बमोजिम शैक्षिक योग्यता पूरा भएको मान्न नसकिएकोले निवेदकको बढुवासम्बन्धी फायल दर्ता नगरी दरपिठ गरी फिर्ता गरिएको छ भन्ने मिति २०७३।०८।०२ गतेको लोकसेवा आयोग मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय सुर्खेतको निर्णय भएकोमा उक्त निर्णयउपर चित्त नबुझाई निवेदक यस अदालतको असाधारण अधिकार क्षेत्रमार्फत हकाधिकार प्रचलनको लागि निर्णय बदरको आदेश जारी गरिपाउन अदालत प्रवेश गरेको देखिन्छ । निजामती सेवा नियमावली, २०५० को नियम ८८ को कानूनी व्यवस्था प्रशासन सेवाको टाइपिस्ट पद एवम् नेपाल विविध सेवाको कम्प्युटर अपरेटर तथा सहायक कम्प्युटर अपरेटर पदमा बढुवा गर्नको निमित्त आकर्षित हुने हो । सोबाहेकको अन्य पदको हकमा आकर्षित हुँदैन" भनी यसै अदालतको पूर्ण इजलासबाट मिति २०७१।०४।१५ मा ०७०-WS-००४६को रिट निवेदनमा समेत व्याख्या भएको देखिन्छ । साथै, रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्ने वा नगर्ने सम्बन्धमा निर्णय नहुँदैको अवस्थामा निवेदकको माग सम्बोधन भई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७७/०७८ च.नं.२१५ मिति २०७७।०५।०३ को पत्रबमोजिम "बढुवा समितिको सिफारिस एवम् यस मन्त्रालयको मिति २०७७।०५।०३ को निर्णयको निर्णयानुसार तपाइँलाई निजामती सेवा ऐन,२०४९को दफा २४ (घ) १ (क) एवम् निजामती सेवा नियमावली, २०५० को नियम ८४ को उपनियम (२) को खण्ड (ख) बमोजिम मिति २०७७।०४।१४ देखि ज्येष्ठता कायम हुने गरी नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृत पदमा बढुवा नियुक्ति गरी पदस्थापन गरिएको छ" भन्ने बेहोराको पत्र मिसिल सामेल रहेको देखिँदा यी निवेदकले रिट निवेदनमा माग गरेको उपचार विपक्षीहरूबाट पूरा भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदनको सार्थकता, औचित्य र प्रयोजनसमेत समाप्त भइसकेको देखिएकोले जुन काम रोक्न भनी निवेदन माग भएको हो सो काम निवेदकको मागबमोजिम नै पूरा भइसकेको वर्तमान अवस्थामा प्रस्तुत रिट निवेदनमा थप केही बोलिरहनपर्ने अवस्था नदेखिने ।

अतः निवेदनको औचित्य र प्रयोजन समाप्त भएको भन्ने देखिएकोले मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - कुमार खतिवडा

कम्प्युटर - कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल फाल्गुण ३० गते रोज ३ शुभम्।

**५७**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-WO-०४२६, उत्प्रेषण, खड्कप्रसाद अग्रवाल वि. नेपाल सरकार, रक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकलाई गम्भीर रूपमा विभेद गरी कारबाही गरेको अवस्थासमेत देखिँदैन । आफ्नो कर्मचारीउपर अनावश्यक रूपमा दोष लगाई कारबाही गर्नुपर्ने छुट्टै कारण पनि देखिँदैन । यी निवेदक र

निवेदकसँग जोडिएकी अर्की कर्मचारी शुभद्रा मगैयाको बयान तथा घटनासँग सम्बन्धित देखिएका अन्य सैनिक कर्मचारीहरूले सुरू इन्क्वायरी बोर्ड तथा अदालतसमक्ष बयान बकपत्रमा व्यक्त गरेको भनाइलाई बिनावस्तुनिष्ठ आधार र कारण दबाबमा गरिएका होलान भनी भन्न पनि मिल्दैन । यी सबै दृष्टिकोणबाट कानूनबमोजिम भए गरेका कार्यलाई रिटको माध्यमबाट बदर गर्नु मनासिब एवम् न्यायोचित नदेखिने । यसै सन्दर्भमा यस अदालतबाट ने.का.प. २०६५ अङ्क ७ नि.नं. ७९९४ मा "सक्षम अदालतबाट सबुद प्रमाण बुझी आफ्नो अधिकारक्षेत्रअन्तर्गत रही गरेको निर्णयलाई त्यसको Merit भित्र प्रवेश गरी असाधारण अधिकारक्षेत्रबाट बदर गर्दै जाने हो भने असाधारण क्षेत्राधिकारमा विकृति पैदा हुन जाने" भनी सिद्धान्तसमेत प्रतिपादन भएको देखिएको आधारमा समेत यी निवेदकको हकमा सुरू एवम् पुनरावेदन तहबाट भएको फैसला कानूनसम्मत मिलेकै देखिने ।

निवेदन माग दाबी, विपक्षीहरूको लिखित जवाफको बेहोरा, एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधार एवम् कारणबाट यी निवेदकलाई सुरू सैनिक समरी जनरल अदालतबाट भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको फैसला सदर गर्ने गरेको सैनिक विशेष अदालतको मिति २०७३।०२।२७ को फैसला उत्प्रेषणको आदेशद्वारा बदर गरी सेवामा पुनर्बहाली गरिपाउँ भनी दायर भएको रिट निवेदनमा मागबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कुमार खतिवडा

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल माघ ३ गते रोज ३ शुभम् ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं. १** | | | **१ - ४** |
| १. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामवीर तामाङसमेत | १ |
| २. | कर्तव्य ज्यान | नेपाल सरकार वि. धनपति बास्कोटा | १ |
| ३. | कर्तव्य ज्यान | भागिमन रोका वि. नेपाल सरकार | २ |
| ४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिपक गौतम | ३ |
| ५. | जबरजस्ती करणी | नेपाल सरकार वि. रोशन शर्मा (खत्वे) | ३ |
| **इजलास नं. ६** | | | **४ – १६** |
| ६. | उत्प्रेषण / परमादेशसमेत | पन्नामान तुलाधर वि. मालपोत कार्यालय, चावहिल, काठमाडौंसमेत | ४ |
| ७. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. बचन राईसमेत | ५ |
| ८. | ज्यान मार्ने उद्योग | कार्चेन लामा वि. नेपाल सरकार | ६ |
| ९. | उत्प्रेषणसमेत | राजु ढकाल वि. नेपाल सरकार, परराष्ट्र मन्त्रालय काठमाडौं, नेपालसमेत | ७ |
| १०. | परमादेशसमेत | अम्बादत्त भट्ट वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ७ |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. छिरिङ तामाङ | ८ |
| १२. | निषेधाज्ञा | सानुकाजी महत वि. रजनी मिश्रसुमेत | १० |
| १३. | उत्प्रेषण | दिनकर महतोसमेत वि. तत्कालीन जिल्ला सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति रौतहट हाल जिल्ला प्रशासन कार्यालयसमेत | १० |
| १४. | उत्प्रेषण | पुरनलाल माझी थारू वि. इलाका प्रहरी कार्यालय, नेमुवा हात्तिमुडा, मोरङसमेत | ११ |
| १५. | निषेधाज्ञा | रेनुका थापासमेत वि. जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं.२ मंगलबारेमा रहेको बेतिनी सामुदायिक वन उपभोक्ता समूहसमेत | १२ |
| १६. | निषेधाज्ञा | रामदेवी डंगोल, वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१७ ढल्को बस्ने रविराज श्रेष्ठसमेत | १२ |

| | | | |
|---|---|---|---|
| १७. | निषेधाज्ञा | ईन्द्रबहादुर राई, वि. जिल्ला सप्तरी सप्तकोशी नगरपालिकाको कार्यालय फत्तेपुरसमेत | १३ |
| १८. | लागु औषध | नेपाल सरकार वि. चितवन जिल्ला, दारेचोक गा.वि.स. वडा नं.३ बस्ने टोपबहादुर गुरूङको छोरा दिनेश गुरुङसमेत | १४ |
| १९. | लागु औषध खैरो हेरोइन | दिपेन्द्र ठकुल्ला वि. प्रहरी प्रतिवेदनको जाहेरीले नेपाल सरकार | १५ |
| २०. | उत्प्रेषण | शारदा गिरी वि. श्री दाङ देउखुरी जिल्ला अदालतसमेत | १५ |
| २१. | उत्प्रेषणसमेत | अनिस बास्तोलासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | १६ |
| **इजलास नं. ७** | | | **१६ – १९** |
| २२. | बन्दी प्रत्यक्षीकरण | रिणाकुमारी नायक वि. धनुषा जिल्ला अदालत, जनकपुरधाम, धनुषासमेत | १६ |
| २३. | अपहरण तथा शरीर बन्धक लिई हत्या | कन्हैया भन्ने राजकुमार मुराउ वि. नेपाल सरकार, सोख्या भन्ने विश्राम लोध वि. नेपाल सरकार, नेपाल सरकार वि. कन्हैया भन्ने राजकुमार मुराउसमेत | १७ |
| २४. | उत्प्रेषण / परमादेश | प्रकाशमणि शर्मासमेत वि. सम्माननीय राष्ट्रपति, राष्ट्रपतिको कार्यालय, शीतलनिवास, काठमाडौंसमेत | १७ |
| २५. | परमादेश | आर्यन शर्मा वि. जिल्ला प्रशासन कार्यालय, पर्सासमेत | १८ |
| २६. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. जिकरुल्लाह मियाँ | १९ |
| २७. | नक्सा पासबेगर पर्खाल निर्माण गरी बाटो (सडक) बन्द गरेको खुलाइपाऊँ | संजिवलाल श्रेष्ठ वि. रुकमणी शाक्य | १९ |
| **इजलास नं. ८** | | | **१९ – २६** |
| २८. | वैदेशिक रोजगार ठगी | हरिप्रसाद काफ्ले वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिप्रसाद काफ्लेसमेत, हरिप्रसाद राई वि. नेपाल सरकार | १९ |
| २९. | बन्दी प्रत्यक्षीकरण | सुरज लामा वि. भक्तपुर जिल्ला अदालतसमेत | २० |
| ३०. | उत्प्रेषणयुक्त परमादेश | मिकेश के.सी वि. काठमाडौं जिल्ला, मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंसमेत | २१ |

| | | | |
|---|---|---|---|
| ३१. | जबरजस्ती करणी | नेपाल सरकार वि. अशोकप्रसाद थारू | २२ |
| ३२. | बैंकिङ कसुर | हिमालयभक्त प्रधानाङ्ग वि. नेपाल सरकार, नेपाल सरकार वि. हिमालयभक्त प्रधानाङ्गसमेत, मदन खत्री वि. नेपाल सरकार, श्यामकृष्ण श्रेष्ठ वि. नेपाल सरकार | २३ |
| ३३. | अंश नामसारी, दर्ता चलन | हरिबहादुर थापा वि. कृष्णकुमारी थापा | २४ |
| ३४. | करकाप | भिष्मभूषण श्रेष्ठ वि. धन के.सी. समेत | २५ |
| **इजलास नं. ९** | | | २६ – ५८ |
| ३५. | बढी भन्सार महसुल प्रयोजनका लागि बढी मूल्य कायम | युनाइटेड डिस्टिब्युटर्स नेपाल प्रा.लि. वि वीरगन्ज भन्सार कार्यालय, पर्सा वीरगन्जसमेत | २६ |
| ३६. | भान्सा घर, ट्वाइलेट भत्काई जग्गा खिचोला मेटाई चलन | दयानन्द राजवंशी वि. राजकुमार राजवंशीसमेत | ४० |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. श्रवण भन्ने सर्वोन्नकुमार रायसमेत | ४१ |
| ३८. | उत्प्रेषणसमेत | रामशंकर यादव वि. नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागसमेत | ४२ |
| ३९. | उत्प्रेषणयुक्त परमादेश | दिकिला शेर्पासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ४३ |
| ४०. | प्रतिषेधमिश्रित परमादेश | विष्णुप्रसाद घिमिरे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ४४ |
| ४१. | सवारी अङ्गभङ्ग | नेपाल सरकार वि. राजकुमार श्रेष्ठ | ४५ |
| ४२. | चेक अनादर | कालीप्रसाद अधिकारी वि. विष्णुप्रसाद रेग्मी | ४६ |
| ४३. | उत्प्रेषणयुक्त परमादेशसमेत | अमुल बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ४७ |
| ४४. | उत्प्रेषणयुक्त परमादेशसमेत | विमला रोकायासमेत वि. जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ गमगढी, मुगुसमेत | ४९ |

| | | | |
|---|---|---|---|
| ४५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार, वि. आलमगिर साफी, आलम गिर साफी वि. नेपाल सरकार | ५० |
| ४६. | जबरजस्ती करणी कर्तव्य ज्यान | नेपाल सरकार वि. भरतराम लुहार, नेपाल सरकार वि. मनोजराम दयाल | ५० |
| ४७. | बहुविवाह | नेपाल सरकार वि. विष्णुप्रसाद सुवेदीसमेत | ५१ |
| ४८. | बन्दी प्रत्यक्षीकरण | दक्षिण कोरियन नागरिक Mijin Lee (M८ ४३००१८४ Travel Certificate No. NP ७२४०००१) वि. अध्यागमन विभाग, कालिकास्थान, काठमाडौंसमेत | ५२ |
| ४९. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. मणिकुमार श्रेष्ठ | ५२ |
| ५०. | किर्ते कागजातको आधारमा सवारी दर्ता गरी सरकारी राजस्व चुहावट गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. हेमन्तबहादुर सिंहसमेत | ५३ |
| ५१. | गैरकानूनी मोही लगत कट्टा | हरिनाथ साह कलवार वि. सुरेन्द्र मिश्रसमेत | ५४ |
| ५२. | उत्प्रेषणयुक्त परमादेशसमेत | रामकुमार श्रेष्ठ वि. उच्च अदालत, पोखरासमेत | ५५ |
| ५३. | हालसाबिक नामसारी दा.खा. निर्णय लिखत दर्ता बदर दर्तासमेत | रविन्द्र सिंह भूमिहार वि. सरिता सिंहसमेत | ५६ |
| ५४. | अदालतको अवहेलना | रविन्द्र पुरीसमेत वि. सुनिल प्रजापति, नगर प्रमुख, भक्तपुर नगरपालिका, व्यासी भक्तपुरसमेत | ५७ |
| ५५. | उत्प्रेषणसमेत | न्यू सताकृ नमुना कन्स्ट्रक्सन जे.भि. वि. नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, काठमाडौंसमेत | ५८ |
| **इजलास नं. ११** | | | **५८ – ६०** |
| ५६. | उत्प्रेषणसमेत | सुर्खेतमा कार्यरत टा.ना.सु. टेकबहादुर शाही वि. श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत | ५८ |
| ५७. | उत्प्रेषण | खड्कप्रसाद अग्रवाल वि. नेपाल सरकार, रक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ५९ |